वर्ष : १६ | अंक : ३

# अर्थ २ रोजगार

ARTHARAROJGAR

राष्ट्रिय मासिक

२०८३ असोज | 2026 Sep.-Oct.



HAPPY दसैं

## मेस्सीको भावुक बिदाइ

मूल्य रु.80 | भारत 30/- मलेसिया रिंगेट 5/- यूएई दिरहाम 5/- कतारी रियाल 5/- ओमानी रियाल 0.9/- बहराइन दिनार 0.9/- कुवेत 8 डि.

# दशैं

## नयाँ आशाको प्रण

# सावधान !

## डिजिटल बैंकिङ्ग धेरै सहज छ तर सुरक्षित कारोबार अनिवार्य छ ।

- अज्ञात व्यक्तिबाट आएको लिङ्क वा एप नखोल्नुहोस्
- OTP, पासवर्ड, PIN वा CVV कसैलाई नदिनुहोस्
- फ्रि वाईफाई जोडर वित्तिय कारोबार नगर्नुहोस्
- बैंकको एप र मोबाईल सँधै अपडेटेड राख्नुहोस्
- अज्ञात मेसेज, फोन, चिट्ठामा विश्वास नगर्नुहोस्
- आफ्नो कारोबार विवरण नियमित रुपमा चेक जाँच गर्नुहोस्




शंकास्पद वित्तीय गतिविधि देखिएमा तुरुन्तै हामीलाई खबर गर्नुहोस् ।

24/7 SERVICE

०१-५९७००५५५ customercare@mbl.com.np

माछापुच्छे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित







DASHAIN TIHAR

# दशैं तिहार

HAPPY DASHAIN & TIHAR

विजयादशमी, दीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, समृद्धि र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



श्रीमती मनमाया श्रेष्ठ
संरक्षक



सुजनकुमार श्रेष्ठ
अध्यक्ष

Manaram
FOUNDATION

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतप्राप्त संस्था

# Be Alert !

**आफ्नो Password OTP Share नगरौं र Digital ठगीबाट बचौं !**



## Password & OTP सुरक्षा !

- OTP तपाईको चाबी हो।
- बैंक तथा वित्तीय संस्थाले कहिले पनि फोन गरेर OTP माग्दैनन् । त्यसैले, कसैलाई OTP नदिनुहोस्।
- नचिनेको लिंक वा शंकास्पद लिंक क्लिक गर्नु अघि सोच्नुहोस्।
- यस्ता लिंक ठगी गर्ने उद्देश्यले पनि पठाइएको हुन सक्छ।
- सचेत बनौं, सुरक्षित बैंकिङ कारोबार गरौं ।

www.bestfinance.com.np

---

# विदेशबाट रकम प्राप्त गर्ने छिटो, सुरक्षित र भरपर्दो माध्यम।



Western Union
ढुक्कै पैसा पाऔं




HULAS Remittance
हुलास छ त ढुक्कै छ...

**हुलास रेमिटेन्स प्रा. लि.**
बागदरबार, सुन्धारा, काठमाडौं, फोन नं.: ०१-५३६१३१३/५३५८२२५
टोल फ्रि: १६६०० १११२२२ | ३६५ दिन नै ग्राहक सेवा

# शुभकामना

विजयादशमी २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।




**दिलकुमार श्रेष्ठ**
**अध्यक्ष**

**Al Secure Manpower Recruitment Pvt.Ltd.**
Sinamangal – 09, Kathmandu

# शुभ दशैं २०८३

विजयादशमी २०८३ को
पावन अवसरमा देश-विदेशमा
रहनु भएका सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना ।

**रघु पुरी**
**अध्यक्ष**

**The River Overseas Pvt. Ltd.**
Battisputali, KTM, Nepal, Ph: 01-4462431, 4462432
E-mail : theriver@wlink.com.np, www.theriveroverseas.com

विजयादशमी तथा दिपावली २०८३ को पावन अवसरमा देश-विदेशमा
रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।



# बडा दशैंको शुभकामना


HAPPY DASHAIN

योगेन्द्र कुँवर
अध्यक्ष

## वाईके मेनपावर एजेन्सी प्रा.लि.

बसुन्धरा, काठमाडौं, नेपाल

शुभ दशैं
२०८३



विजयादशमी तथा शुभदीपावली २०८३ को पावन
अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना

रामेश्वर शाह
तथा

## Security Service

Gyaneshwor, Kathmandu, Ph: +977 (01) 400 2727



यसभित्र

HAPPY दसैं



आवरण

## दशैं : नयाँ आशाको प्रण

भोटेकोशीको बाढीले सिंगो देशलाई नै शोकमा डुबाएको छ । तर बिस्तारै पीडालाई शक्तिमा बदल्दै अघि बढ्नुको विकल्प छैन । यसर्थ नजिकिँदै गरेको बडादशैँमा विगतका वर्षजस्तो रौनक नहोला । तर यही दुःखका बीच हामी सुरक्षित भविष्यको कामना गरौँ । पीडित परिवारको साथ बन्दै र विपत्तिबाट पाठ सिक्दै शोकलाई शक्तिमा, पीडालाई संकल्पमा र निराशालाई आशामा बदल्ने प्रण गरौँ । यसै विषयमा तयार पारिएको आवरण रिपोर्ट :





१५ आईपीओको ढोकामा रोकिएका कम्पनी र सुधारको दाबी गरिरहेको सेबोन



१९ प्रधानमन्त्री स्वयंको पहलकदमीले व्यवसायीमा नयाँ आशा



२५ विपद्पछिको पुनर्निर्माणमा सरकारसँग सहकार्य गर्न एनआरएनएको प्रस्ताव

३४ चौतारी

जमरे टोपी

युवराज नयाँघरे





३६ अनुभूति

मनमै बाढी पसेपछि

शम्भु सुस्केरा



मखमली निर्यातमा दीपाको देन !

२३ जनजीवन

• बिन्दु अधिकारी ढकाल

३८ मनोरञ्जन

गायिकाको दशैं



# सम्पादकीय

# दशैं : पुनर्जागरणको संकल्प

नेपालले पछिल्लो समय एकपछि अर्को प्राकृतिक विपद् झेल्नु परिरहेको छ। विपद्को पीडा केवल क्षतिको तथ्यांकमा मापन हुँदैन। एउटा परिवारको घर भत्किँदा त्यससँगै उसको सुरक्षा, आम्दानी, सपना र भविष्यको एउटा हिस्सा भत्किएको हुन्छ। एउटा सानो व्यवसाय बन्द हुँदा त्यसको असर व्यवसायीमा मात्र पर्दैन, त्यहाँ काम गर्ने श्रमिक र आश्रित परिवारसम्म पुग्छ। एउटा सडक अवरुद्ध हुँदा बजार, उत्पादन, पर्यटन, रोजगारी र आपूर्ति शृंखला प्रभावित हुन्छ। त्यसैले विपद्लाई केवल 'प्राकृतिक घटना'का रूपमा बुझेर पुग्दैन; यसको सामाजिक र आर्थिक प्रभावलाई समेत गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ। तर, हरेक संकटभित्र एउटा नयाँ सुरुवातको सम्भावना पनि लुकेको हुन्छ।

दशैंको यो विशेष अवसरमा हामी यही सम्भावनातर्फ हेर्न चाहन्छौं। दशैं केवल उत्सव र परम्पराको पर्व होइन; यो कठिनाइपछि पनि जीवनलाई नयाँ उत्साहका साथ अघि बढाउने नेपाली संस्कृतिको प्रतीक हो। त्यसैले यस वर्षको दशैंलाई हामी पीडाबाट पुर्नजागरणतर्फ अघि बढ्ने संकल्पको पर्वका रूपमा लिन चाहन्छौं।

पुनर्निर्माण अब केवल संरचना निर्माणको विषय हुनुहुँदैन; यो रोजगारी, उत्पादन र आर्थिक पुनरुत्थानसँग जोडिएको राष्ट्रिय अभियान बन्नुपर्छ। विपद्ले आयस्रोत गुमाएका परिवारलाई राहत आवश्यक छ, तर राहतले जीवन लामो समय चल्दैन। उनीहरूलाई पुनः आफ्नै खुट्टामा उभिने अवसर चाहिन्छ। किसानलाई उत्पादनमा फर्काउने योजना चाहिन्छ। साना व्यवसायीलाई पुनः व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच चाहिन्छ। श्रमिकलाई काम चाहिन्छ। युवालाई सीपअनुसार रोजगारी चाहिन्छ। विस्थापित परिवारलाई सुरक्षित आवाससँगै स्थायी आयआर्जनको आधार चाहिन्छ।

यसर्थ, विपद्पछिको पुनर्निर्माणलाई 'रोजगारीसहितको पुनर्निर्माण' बनाउनु आजको महत्वपूर्ण आवश्यकता हो। भत्किएको सडक बनाउँदा स्थानीय श्रम र सीपको प्रयोग होस्। क्षतिग्रस्त कृषि क्षेत्र पुनर्जीवित गर्दा स्थानीय युवालाई जोडियोस्। पर्यटन क्षेत्र प्रभावित भएका ठाउँमा नयाँ पर्यटकीय पूर्वाधार र रोजगारीका अवसर सिर्जना गरियोस्। साना तथा मझौला उद्यमलाई पुनःउठाउन सहज ऋण, बीमा र बजारको पहुँच सुनिश्चित गरियोस्। विदेशबाट फर्किएका श्रमिकको सीप, अनुभव र पुँजीलाई स्थानीय अर्थतन्त्रमा लगानी गर्ने वातावरण बनाइयोस्।

दशैंले हामीलाई एउटा महत्वपूर्ण सन्देश दिन्छ–अँध्यारोपछि उज्यालो आउँछ। कठिनाइ स्थायी हुँदैन। आशा हराउनु हुँदैन। त्यसैले विपद्ले दिएको पीडालाई बिर्सन होइन, त्यसबाट सिक्नुपर्छ। क्षतिको आँकडामा मात्र अल्झिने होइन, पुनर्निर्माणको गति बढाउनुपर्छ। राहतमा मात्र निर्भर नभई रोजगारी र आत्मनिर्भरताको बाटो खोल्नुपर्छ। निराशालाई गुनासोमा होइन, सुधारको संकल्पमा बदल्नुपर्छ।

अन्ततः, बडा दशैंको यस पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि र उज्ज्वल भविष्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। यो दशैं पीडामाथि आशाको विजय बनोस्, साथै निराशामाथि उत्साहको विजय बनोस्।


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARA ROJGAR

• वर्ष १६ • अंक ३ • २०८३ असोज

**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**संयोजक**
हेमन्त गौतम

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हरिराम पौडेल

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## पीडितको जीवन फर्काउने जिम्मेवारी

भोटेकोशी बाढीले ठूलो क्षति गराएको छ। अबको चुनौती भत्किएका संरचना पुरानै ढाँचामा बनाउनु मात्र होइन, भविष्यका विपत्तिबाट सुरक्षित नेपाल निर्माण गर्नु हो। सडक, पुल, बस्ती, जलविद्युत् आयोजना र सञ्चार संरचना बनाउँदा जोखिमको मूल्यांकन, पूर्वसूचना प्रणाली र विपद् प्रतिरोधी मापदण्डलाई अनिवार्य बनाउनुपर्छ। प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगलाई पारदर्शी र प्रभावकारी ढंगले परिचालन गर्न सके यो पीडालाई सुरक्षित र सक्षम नेपाल निर्माणको अवसरमा बदल्न सकिन्छ।

*-रामजी खड्का, काठमाडौं*

भोटेकोशी बाढीपछि उद्धार र राहतसँगै अब प्रभावित नागरिकको जनजीवन सामान्यतर्फ फर्काउन प्राथमिकता दिनुपर्छ। बाढीले ठूलो असर पारेकाले यसको प्रभाव लामो समयसम्म रहन सक्छ। त्यसैले सरकारले राहतमा मात्र सीमित नभई प्रभावित परिवार, व्यवसायी र निजी क्षेत्रका लागि पुनःस्थापना तथा आर्थिक पुनरुत्थानका विशेष कार्यक्रम ल्याउन आवश्यक छ।

*-करुणा खतिवडा, विराटनगर*

## कृषिबाटै आत्मनिर्भर



निरादेवी सुवेदीको कथा केवल एक किसान परिवारको कथा होइन, मेहनत र कृषिबाटै आत्मनिर्भर बन्न सकिन्छ भन्ने उदाहरण हो। आफ्नै खेतबारीमा अन्न, तरकारी, दूध, मासु र अन्य उत्पादन गर्दै परिवारको आवश्यकता पूरा गर्नु आजको युवापुस्ताका लागि पनि प्रेरणादायी छ। तर किसानले उत्पादन गर्न खोज्दा मल, बीउ, सिँचाइ, बजार र उचित मूल्यको समस्या अझै उस्तै छन्। सरकारले किसानलाई भाषणमा होइन, व्यवहारमै साथ दिने हो भने कृषि रोजगारी र आत्मनिर्भरताको बलियो आधार बन्न सक्छ। किसानलाई सम्मान, उत्पादनलाई उचित मूल्य र कृषिलाई आवश्यक सुविधा दिन सकियो भने विदेशिनुपर्ने बाध्यता घटाउँदै आफ्नै माटोमा समृद्धिको बाटो खोल्न सकिन्छ।


*-अविरल शर्मा, कतार*

## थप कम्पनीको नाम सार्वजनिक हुनु आफैंमा गम्भीर विषय

मलेसियाको एफडब्लुसिएमएसमा २५ मेनपावर कम्पनीपछि थप २३० कम्पनीको नाम सार्वजनिक हुनु आफैंमा गम्भीर विषय हो। अझ सीमित कम्पनीको व्यवस्थाको विरोध गरिरहेका व्यवसायीकै कम्पनी सूचीमा देखिनुले प्रश्न थप गम्भीर बनाएको छ। वैदेशिक रोजगार क्षेत्रमा करिब १,२०० इजाजतप्राप्त कम्पनी छन् भने सबैलाई समान अवसर र प्रतिस्पर्धाको वातावरण सुनिश्चित हुनुपर्छ। श्रमिकको रोजगारीसँग प्रत्यक्ष जोडिएको विषयमा कुनै समूहको पहुँच वा स्वार्थभन्दा पनि पारदर्शिता, समान प्रतिस्पर्धा र स्पष्ट मापदण्डलाई प्राथमिकता दिनुपर्छ। सरकार र सम्बन्धित पक्षले एफडब्लुसिएमएसमा कम्पनी छनोटको आधार सार्वजनिक गरी अन्योल तत्काल चिर्न आवश्यक छ।

*-एक मेनपावर व्यवसायी*

## घरसँगै बगेको मानवीरको संसार



मानवीरको कथा एउटा व्यक्तिको मात्र होइन, रोजगारीका लागि विदेशिएका हजारौँ नेपालीको पीडा हो। वर्षौं विदेशमा पसिना बगाएर कमाएको पैसाले बनाएको घर, आमाबुबाको सम्झना र आफ्नोपनको अन्तिम चिनोसमेत बाढीले बगाउँदा उसले महसुस गरेको पीडा शब्दमा अट्दैन। विदेशमा हुँदा दुःख सहेर कमाएको पैसा घर र परिवारका लागि खर्च गर्ने नेपालीका लागि गाउँको घर केवल इँटा-ढुंगाको संरचना होइन, आफ्नो जरा र फर्किने आशा हो। विपत्तिले घर मात्र होइन, मानिसको स्मृति र भविष्यसँग जोडिएको आधारसमेत बगाउन सक्छ भन्ने यो कथाले देखाएको छ। अब पुनर्निर्माण गर्दा घर मात्र होइन, यस्ता परिवारको आशा र सुरक्षित भविष्य पनि फर्काउने जिम्मेवारी राज्यको हो।

*-सुरज बजगाई, पोखरा*

**गजल**

## बाढी र जिन्दगी



● श्रेष्ठ काले अनमोल

वस्ती बगाउन फेरि यता भेल बाढी आयो,
गरिबको खुसी लुट्न यो कस्तो चट्याङ छायो।

महल त हाँसिरह्यो अग्लो डाँडामा बसेर,
झुपडीको सिरानी भने आज नदीले बगायो।

ढोका थुनेर बस्नेहरूलाई के थाहा पीडा,
छिमेकीको आँसुले यहाँ बगर नै भिजायो।

भाग्य कोर्नेहरूले सधैं किनारमा पारे हामीलाई,
छालले भैं समयले नि चोटैचोट मात्रै थपायो।

बग्ने पानी त एकदिन शान्त भएर फर्किएला,
मनमा परेको यो बाढीले जिन्दगी नै उडायो।



# दशैं
## नयाँ आशाको प्रण

**विपत्तिको लामो रातपछि क्षितिजमा बिस्तारै उज्यालोको रेखा कोरिएझैं नेपालीहरूको महान चाड दशैं नजिकिएको छ। थकित मनको आँगनमा आशाको दियो बाल्नका लागि यो पर्व आएको छ। समयका हुरीले उखेलिएका सपनाका जरामा फेरि माटो थप्ने, भत्किएका भरोसाका पर्खालमा आत्मीयताको इँटा राख्ने र सुकेका मुस्कानका हाँगामा उमंगका नयाँ पालुवा पलाउने ऋतुका रुपमा दशैंको आगमन भएको छ। टीकाको रातो रङ केवल निधारको शोभा होइन, पीडामाथि जीवनले कोरेको विजयको हस्ताक्षर हो। जमराको हरियोपन केवल संस्कार होइन, खरानीभित्र पनि जीवनको बीउ बाँचेको प्रमाण हो। विपत्तिले घरका छाना उडाए पनि आकाश खोस्न सक्दैन, आँधीले बाटो छेके पनि यात्राको चाहना मेट्न सक्दैन। त्यसैले यसपटकको दशैं विगतका घाउमा मल्हम लगाउने मात्र होइन, भोलिको उज्यालोतर्फ सामूहिक पाइला चाल्ने प्रण बन्न सकोस्।**

भोटेकोशीको बाढीले टिमुरे, बेत्रावती, दुङ्गे र देवीघाटलाई मात्र होइन, सिंगो देशलाई नै शोकमा डुबाएको छ। स्थानीय नागरिक मात्र होइन, रोजगारी, व्यापार-व्यवसाय तथा पर्यटकका रूपमा ती क्षेत्रमा पुगेका देशका विभिन्न भूभागका हजारौं नागरिकसमेत यस विपत्तिबाट प्रभावित भएका छन्, कतिपय अझै बेपत्ता छन्। त्यसैले यसपालिको दशैंको पीडा ती बस्ती र परिवारमा मात्र सीमित छैन, देशका कुनाकाप्चासम्म फैलिएको छ।

तर बिस्तारै पीडालाई शक्तिमा बदल्दै अघि बढ्नुको विकल्प पनि हामीसँग छैन। अबको हाम्रो सबैभन्दा ठूलो काम र कामना एउटै हुनुपर्छ– यस्तो विपत्ति फेरि कहिल्यै नआओस्, कुनै परिवारले आफ्ना प्रियजन गुमाउनु नपरोस् र कुनै चाडपर्व शोकमा परिणत नहोस्।

नजिकिँदै गरेको बडादशैंमा विगतका वर्षजस्तो रौनक नहोला, धेरै घरका आँगनमा खुसीको उज्यालो नहोला। तर यही दुःखका बीच हामी सुरक्षित भविष्यको कामना गरौं। गुमेकाहरूको सम्झनालाई सम्मान गर्दै, पीडित परिवारको साथ बन्दै र विपत्तिबाट पाठ सिक्दै शोकलाई शक्तिमा, पीडालाई संकल्पमा र निराशालाई आशामा बदल्ने प्रण गरौं।

चाडपर्व फेरि आउँछन्, रौनक पनि फेरि फर्किन्छ । तर अबको हाम्रो सामूहिक प्रार्थना यही होस्–दशैँ फेरि आउँदा हरेक घरमा खुसी फर्कियोस्, र यस्तो विपत्तिले फेरि कहिल्यै कसैको दशैं नखोसून्।

०००

दशैं आउन केही साताअघिदेखि रसुवाको टिमुरे बजारमा चहलपहल बढिसकेको हुन्थ्यो । रसुवागढी नाकाबाट सामान बोकेका कन्टेनरको आवतजावत बाक्लिन्थ्यो । लत्ताकपडा, जुत्ता-चप्पल, ज्याकेटदेखि घरायसी सामानसम्मको कारोबार बढ्थ्यो । त्यसैगरी खसी- बोका, च्यांग्रा, भेडा खेद्नेहरूको हुल हुन्थ्यो ।

बिहान तीन बजेदेखि नै बाटो किनारमा भेडा-खसी खेद्नेहरूले आफ्नो हुल अर्कोसँग मिसिएला भनेर कराई रहेका हुन्थे- 'छट, छट' । काठमाडौँ उपत्यकामा च्याङ्ग्रा-खसी, बोका भित्रिने दोस्रो नाकाको रुपमा टिमूरे नाका चिनिन्थ्यो । मुस्ताङपछि बढी काठमाडौँ आउने च्याङ्ग्रा ल्याउनका लागि यो नाका अलिक छिटो, छरितो र सहज पनि मानिन्थ्यो ।

त्यसको प्रभाव टिमुरेबाट तल बेत्रावती, त्रिशूली, दुङ्गे र देवीघाटसम्म देखिन्थ्यो । दशैंका लागि गाउँ-सहरमा सामान पठाउने, किनमेल गर्ने र व्यापार बढाउने समय थियो । तर यसपालि दशैं आयो, बजार आएन ।

भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले टिमुरेसहित त्रिशूली नदी आसपासका धेरै बस्ती र बजारको स्वरूप नै बदलिदियो । कतै घर रहेनन्, कतै पसल रहेनन् । कतै वर्षौंको व्यापारिक थलो बगरमा परिणत भयो ।

मानवीय क्षतिको पीडा अझ ठूलो छ । रसुवा र नुवाकोटका नागरिक मात्र होइन- रोजगारी, व्यापार-व्यवसाय र पर्यटकका रूपमा ती क्षेत्रमा पुगेका देशका विभिन्न भागका मानिससमेत बेपत्ता र प्रभावित भए । त्यसैले भोटेकोशीको बाढीको पीडा एउटा जिल्ला वा एउटा समुदायको मात्र रहेन । यसपालिको दशैं धेरै नेपाली परिवारका लागि यही घटनाको सम्झनाले खल्लो बनायो ।

टिमुरेका नीलबहादुर श्रेष्ठका लागि त दशैं परिवारका सदस्य गुमाएको पीडासँगै आएको छ । बाढी आउँदै गरेको थाहा पाएपछि उनी ज्यान जोगाउन डाँडातिर भाग्न सफल भए । घर र पसलमा रहेका सामान बचाउने समय पाएनन् । परिवारका चार सदस्यलाई उनले बचाउन सकेनन् । 'सामान त के को कुरा परिवार केही पनि बाँकी रहेनन्, आफु बाँचेर के गर्नु,' श्रेष्ठको भनाइले बाढीले छोडेको पीडाको गहिराइ बताउँछ ।

नुवाकोट देवीघाटकी पार्वती सिम्खडाले पनि त्यही भयावह दृश्य आफ्नै आँखाले देखिन् । श्राद्धको पिण्ड बगाउन नदी किनार पुगेकी उनी फर्किँदै गर्दा नदी एकाएक उर्लियो । ढुंगा, माटो र लेदोको वेग बढ्यो । केही समयअघिसम्म सामान्य देखिएको बस्ती क्षणभरमै संकटमा पऱ्यो । उनी बाँचिन्, तर वरपरका धेरै मानिस बाढीमा परे ।

यी पीडा बिर्सन सकिँदैनन् । गुमेका मानिस फर्काउन सकिँदैन । तर अब प्रश्न यतिमै रोकिने होइन । अब उठ्ने प्रश्न हो– यस्तो विपत्ति फेरि दोहोरिन नदिन के गर्ने ? र, बाढीले भत्काएको ठाउँलाई अझ सुरक्षित, व्यवस्थित र सम्भावनायुक्त कसरी बनाउने?

**दशैंको रौनकभन्दा शोकको आँशु**

यो पीडा रसुवा र नुवाकोटमा मात्र सीमित छैन । भोटेकोशी-त्रिशूलीको बाढीले त्यहाँका स्थानीयको घर, व्यवसाय र थातथलो मात्र बगाएन- रोजगारी, व्यापार-व्यवसाय र घुमफिरका लागि ती क्षेत्रमा पुगेका देशका विभिन्न भागका नागरिकलाई पनि प्रभावित बनायो । कतिपय बेपत्ता छन्, कतिपयले ज्यान गुमाएका छन् । त्यसैले यसपालिको दशैंको पीडा भूगोलको सीमाभन्दा धेरै पर पुगेको छ ।

दशैंको टीका नजिकिँदै गर्दा कतिपय घरमा नयाँ कपडा र जमरा होइन, हराइरहेका आफन्तको खबर पर्खिने व्यग्रता छ । कतिपय परिवारमा चाडपर्वको तयारीभन्दा आफ्ना मान्छेको सम्झना गहिरो बनेको छ । त्यसैले यसपालि देशका धेरै घरमा दशैंको

यी पीडा बिर्सन सकिँदैनन् । गुमेका मानिस फर्काउन सकिँदैन । तर अब प्रश्न यतिमै रोकिने होइन । अब उठ्ने प्रश्न हो– यस्तो विपत्ति फेरि दोहोरिन नदिन के गर्ने ? र, बाढीले भत्काएको ठाउँलाई अझ सुरक्षित, व्यवस्थित र सम्भावनायुक्त कसरी बनाउने ?

दशैंको टीका नजिकिँदै गर्दा कतिपय घरमा नयाँ कपडा र जमरा होइन, हराइरहेका आफन्तको खबर पर्खिने व्यग्रता छ । कतिपय परिवारमा चाडपर्वको तयारीभन्दा आफ्ना मान्छेको सम्झना गहिरो बनेको छ । त्यसैले यसपालि देशका धेरै घरमा दशैंको रौनकभन्दा शोक भारी भएको छ ।



रौनकभन्दा शोक भारी भएको छ।

यो शोक नेपालभित्र मात्र सीमित छैन। रोजगारी, व्यापार, अध्ययन वा अन्य सिलसिलामा विदेशमा रहेका नेपालीका लागि पनि भोटेकोशीको विपत्ति आफ्नै घर-आँगनको पीडाजस्तै बनेको छ। संसारका विभिन्न कुनामा रहेका नेपालीको मनमा आफ्ना गाउँ, आफन्त र देशको यो दुःख गढेको छ।

तर चाडपर्व रोकिन्नन्। दशैँ फेरि आउँछ, अर्को वर्ष पनि आउँछ। हराएका मानिसको सम्झना भने सधैँ रहनेछ। त्यसैले यसपालिको दशैँलाई केवल दुःख सम्झिने पर्वका रूपमा होइन- अब यस्तो विपत्ति फेरि कसैले भोग्नु नपरोस् भन्ने सामूहिक कामनासहित मनाउने अवसर बनाउन सकिन्छ।

दशैँको टीका लगाउँदा समृद्धिको मात्र होइन, सुरक्षित जीवनको कामना गरौँ। परिवारको सुखसँगै विपत्तिबाट जोगिने समाजको कामना गरौँ। र, सबैभन्दा ठूलो कुरा– अब कुनै आमाले बाढीमा हराएको छोराको बाटो हेर्नु नपरोस्, कुनै परिवारले चाडपर्वमा आफन्तको खबर पर्खेर बस्नु नपरोस्।

चाडपर्व फेरि आउँछन्, रौनक पनि फर्किन्छ। तर भोटेकोशीले दिएको पीडाबाट पाठ सिकेर अब यस्तो विपत्ति दोहोरिन नदिने संकल्पसहित नजिकिँदै गरेको दशैँ मनाऔँ।

**पीडाबाट अब पुनःउत्थानतर्फ**

भोटेकोशीले धेरै कुरा बगायो। घर, पसल, सडक, पुल, व्यवसाय र मानिसको वर्षौंको मेहनत बगायो। तर विपत्तिपछि बाँकी रहेको बगरलाई केवल क्षतिको प्रतीक बनाएर राख्नु हुँदैन। त्यही बगरबाट अब नयाँ सुरुवात गर्नुपर्ने बेला आएको छ।

टिमुरे केवल एउटा बजार होइन। यो नेपाल-चीन सीमावर्ती व्यापारको महत्वपूर्ण प्रवेशद्वार हो। रसुवागढी नाकाबाट हुने व्यापार, ढुवानी र आपूर्ति प्रणालीसँग यसको प्रत्यक्ष सम्बन्ध छ। टिमुरेमा हुने गतिविधिको प्रभाव रसुवामात्र होइन, नुवाकोट हुँदै काठमाडौँसम्म पुग्छ।

त्यसैगरी बेत्रावती, ढुङ्गे र देवीघाट पनि स्थानीय व्यापार, यातायात, सेवा, कृषि, पर्यटन र रोजगारीसँग जोडिएका महत्वपूर्ण केन्द्र हुन्। त्यसैले पुनर्निर्माणलाई 'बाढीले बगाएको घर फेरि बनाउने' काममा सीमित गर्नु हुँदैन। अबको लक्ष्य हुनुपर्छ– सुरक्षित बस्ती, व्यवस्थित बजार, बलियो पूर्वाधार र स्थानीय अर्थतन्त्रको नयाँ आधार।

बाढीले टिमुरेको पुरानो स्वरूप बदलिदिएको छ। तर यसको भौगोलिक र आर्थिक महत्व हराएको छैन। रसुवागढी नाका र चीनसँगको व्यापारका कारण टिमुरेमा आगामी दिनमा पनि व्यापारिक सम्भावना रहनेछ। त्यसैले पुनर्निर्माण गर्दा पहिलेको संरचना जस्ताको तस्तै फर्काउनेभन्दा भविष्यको व्यापारलाई ध्यानमा राखेर आधुनिक पूर्वाधार बनाउन सकिन्छ।

व्यवस्थित कन्टेनर पार्किङ, सुरक्षित गोदाम, मालसामान व्यवस्थापन केन्द्र, व्यापारिक भवन, आपूर्ति प्रणाली र डिजिटल व्यापारिक सेवाको विकास गर्न सकिन्छ। व्यापारिक सामान राख्ने गोदामहरू बाढीको उच्च जोखिमबाट बाहिर राख्न सकिन्छ। कन्टेनर पार्किङका लागि छुट्टै क्षेत्र तोक्न सकिन्छ। आपत्कालीन अवस्थामा मानिस र सामान सुरक्षित रूपमा सार्न सकिने मार्ग बनाउन सकिन्छ। यसरी हेर्दा टिमुरेको पुनर्निर्माण एउटा बजार पुनःस्थापना मात्र होइन, नेपाल-चीन व्यापारलाई थप व्यवस्थित बनाउने अवसर पनि बन्न सक्छ।

> चाडपर्व रोकिन्नन् । दशैँ फेरि आउँछ, अर्को वर्ष पनि आउँछ । हराएका मानिसको सम्झना भने सधैँ रहनेछ । त्यसैले यसपालिको दशैँलाई केवल दुःख सम्झिने पर्वका रूपमा होइन- अब यस्तो विपत्ति फेरि कसैले भोग्नु नपरोस् भन्ने सामूहिक कामनासहित मनाउने अवसर बनाउन सकिन्छ ।

**विपद्पछि**
**नयाँ सम्भावना**

बाढीले बेत्रावती, ढुङ्गे र देवीघाटका धेरै संरचनामा क्षति पुऱ्याएको छ। तर यी क्षेत्रको महत्व केवल पुराना घर र पसलमा सीमित छैन। बेत्रावतीलाई स्थानीय व्यापार तथा सेवा केन्द्रका रूपमा विकास गर्न सकिन्छ। ढुङ्गेलाई यातायात र व्यापारिक गतिविधिसँग जोडेर व्यवस्थित बजारका रूपमा पुनर्निर्माण गर्न सकिन्छ।

देवीघाटलाई धार्मिक, सांस्कृतिक र पर्यटनसँग जोडेर नयाँ आर्थिक गतिविधि सिर्जना गर्न सकिन्छ। देवीघाटमा त्रिशूली र तादीको संगम छ। यसको धार्मिक तथा पर्यटकीय सम्भावनालाई व्यवस्थित पूर्वाधारसँग जोड्न सकिन्छ।

## विपद्ले खोलेको अन्तर्राष्ट्रिय ढोका

भोटेकोशी विपत्तिको अर्को महत्वपूर्ण पक्ष अन्तर्राष्ट्रिय तहमा उठेको विषय हो। प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा भोटेकोशी-त्रिशूली विपत्तिलाई नेपालको मात्र समस्या नभई जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी संकटको उदाहरणका रूपमा प्रस्तुत गरे। नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु संकटको ठूलो मूल्य चुकाइरहेको उनले स्पष्ट पारे।

महासभामा शाहले राहत, पुनःस्थापना र पुनर्निर्माणसँगै जिम्मेवारी, क्षतिपूर्ति र उत्थानशीलता आवश्यक रहेको सन्देश दिए। जलवायुजन्य विपत्तिबाट प्रभावित मुलुकका लागि 'लस एण्ड डयामेज फण्ड' तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र पर्याप्त नभएको भन्दै नेपालले ऋण होइन, पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेकोमा उनको जोड थियो।

यसले नेपालका लागि एउटा महत्वपूर्ण सम्भावनाको ढोका खोलेको छ। अब भोटेकोशीको क्षतिलाई केवल आन्तरिक बजेटबाट पूर्ति गर्ने विषयका रूपमा मात्र होइन, जलवायु न्याय, अन्तर्राष्ट्रिय क्षति-नोक्सानी र पुनर्निर्माण सहयोगसँग जोडेर अघि बढाउने आधार तयार भएको छ।

संयुक्त राष्ट्रसंघीय तहमा नेपालले उठाएको यो विषयलाई ठोस परियोजना, वैज्ञानिक क्षति मूल्यांकन र पारदर्शी पुनर्निर्माण योजनासँग जोड्न सक्ने हो भने अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्ने अवसर अझ बलियो हुन सक्छ। संयुक्त राष्ट्रसंघले पनि नेपालले जलवायुजन्य क्षतिको वित्तीय क्षतिपूर्तिको माग गरिरहेको विषयलाई सार्वजनिक रूपमा उल्लेख गरेको छ।

अब चुनौती भनेको आवाज उठाउनु मात्र होइन– त्यो आवाजलाई स्रोत, योजना र परिणाममा बदल्नु हो।



> अर्को दशैं आउँदा टिमुरे, बेत्रावती, ढुंगे र देवीघाटमा केवल पसलका सटर नखुलून– नयाँ आशाका ढोका पनि खुलून्। बगरमा फेरि बजार उठोस्। बजारसँगै मानिसको विश्वास उठोस्। यो पटकको पुनर्निर्माणले एउटा यस्तो नेपाल बनाओस्, जहाँ विपत्ति आए पनि त्यसले फेरि मानिसको घर, रोजगारी, सपना र भविष्य बगाउन नसकोस्।

नदी किनारलाई अतिक्रमण गरेर होइन, नदीको प्राकृतिक बहावलाई सुरक्षित राख्दै पर्यटन विकास गर्न सकिन्छ। सुरक्षित पैदलमार्ग, विश्रामस्थल, स्थानीय उत्पादन बिक्री केन्द्र, साना होटल तथा होमस्टे र सांस्कृतिक पर्यटनका कार्यक्रम विकास गर्न सकिन्छ। यसले स्थानीयलाई आफ्नै ठाउँमा रोजगारी सिर्जना गर्न मद्दत गर्नेछ।

**बाढीले व्यवसायीलाई दिएको अर्को चुनौती–ऋण**

बाढीले व्यापारीको सामान मात्र बगाएको छैन। कसैको घर गयो, कसैको पसल गयो, कसैको कन्टेनर गयो, कसैको भने ज्यान नै गयो। तर बैंकबाट लिएको ऋण भने बाँकी छ। व्यवसाय बन्द भयो। आम्दानी रोकियो। तर किस्ता तिर्नुपर्ने दायित्व रोकिएन। त्यसैले पुनर्निर्माणको अर्को महत्वपूर्ण पक्ष स्थानीय अर्थतन्त्रलाई उठाउनु हो। क्षतिग्रस्त व्यवसायीका लागि सहुलियतपूर्ण ऋण, ऋण पुनर्संरचना, ब्याजमा राहत, बीमा दाबीको सहज प्रक्रिया र व्यवसाय पुनःस्थापनाका लागि विशेष कोष आवश्यक हुन सक्छ। व्यवसायीलाई राहत दिएर मात्र पुग्दैन। उनीहरूलाई फेरि व्यापार गर्न सक्ने वातावरण बनाउनुपर्छ।

किनकि एउटा पसल खुल्नु भनेको एउटा परिवारको आम्दानी सुरु हुनु हो। एउटा होटल खुल्नु भनेको केही युवाले रोजगारी पाउनु हो। एउटा गोदाम सञ्चालन हुनु भनेको यातायातदेखि मजदुरीसम्म धेरै क्षेत्रमा आर्थिक गतिविधि सुरु हुनु हो। त्यसैले पुनर्निर्माणलाई खर्च होइन, स्थानीय अर्थतन्त्रमा लगानीका रूपमा बुझ्न आवश्यक छ।

**स्थानीय युवालाई पुनर्निर्माणको साझेदार बनाउने अवसर**

बाढीपछि उद्धार र राहतमा स्थानीय युवाले देखाएको सक्रियता महत्वपूर्ण रह्यो। अब त्यही ऊर्जा पुनर्निर्माणमा प्रयोग गर्न सकिन्छ। स्थानीय युवालाई निर्माण, सडक मर्मत, पर्यटन, यातायात, कृषि, होटल, व्यापार तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सीप प्रदान गर्न सकिन्छ।

बाढीको जोखिममा रहेका बस्तीमा स्थानीय तहले आपत्कालीन स्वयंसेवक समूह बनाउन सक्छ। उनीहरूलाई प्राथमिक उद्धार, प्राथमिक उपचार, पूर्वसूचना प्राप्त भएपछि समुदायलाई जानकारी दिने र जोखिममा रहेका मानिसलाई सुरक्षित स्थानमा लैजाने तालिम दिन सकिन्छ।

यसले एउटा महत्वपूर्ण सन्देश दिन्छ– स्थानीय जनता विपत्तिका पीडित मात्र होइनन्, सुरक्षित भविष्य निर्माणका साझेदार पनि हुन्।

**अब यस्तो नहोस् भन्ने चेतना सबैभन्दा ठूलो पाठ**

भोटेकोशीको बाढीपछि सबैभन्दा महत्वपूर्ण कुरा 'अब यस्तो नहोस्' भन्ने चेतना हो। नदीको बहाव क्षेत्रलाई बुझेर बस्ती बसाल्नुपर्छ। जोखिमयुक्त ठाउँमा घर तथा ठूला संरचना बनाउने अनुमति दिनु हुँदैन। सडक र पुल निर्माण गर्दा भविष्यको बाढीको सम्भावित जोखिमलाई समेत आधार बनाउनुपर्छ।

नयाँ बस्ती विकास गर्नुअघि वैज्ञानिक जोखिम नक्सा तयार गर्न आवश्यक छ। कुन क्षेत्र सुरक्षित छ ?, कुन क्षेत्र उच्च जोखिममा छ ?, कहाँ घर बनाउन मिल्छ?, कहाँ बजार बनाउन मिल्छ?, कहाँ नदीको बहाव क्षेत्र सुरक्षित राख्नुपर्छ?

यी प्रश्नको उत्तर नक्सामै स्पष्ट हुनुपर्छ। अब 'जहाँ घर थियो, त्यहीँ घर बनाउने' सोचभन्दा 'भविष्यमा घर नबग्ने ठाउँमा सुरक्षित घर बनाउने' सोच आवश्यक छ।

भोटेकोशीले पुरानो संरचना बगाएको ठाउँमा अब पुरानै संरचना जस्ताको तस्तै बनाउने हो भने विपत्तिबाट पाठ सिकेको मानिँदैन। पुनर्निर्माण गर्दा नदीको प्राकृतिक बहाव क्षेत्र सुरक्षित राख्नुपर्छ। जोखिमयुक्त बस्तीलाई सम्भव भएसम्म सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्छ। नयाँ घर तथा व्यापारिक भवनका लागि बाढी प्रतिरोधी निर्माण मापदण्ड लागू गर्नुपर्छ।

सडक र पुल बनाउँदा पनि केवल अहिलेको आवश्यकता होइन, आगामी दशकको जोखिमलाई आधार बनाउनुपर्छ। यसरी पुनर्निर्माण गर्न सकियो भने भोटेकोशी प्रभावित क्षेत्र नेपालकै उदाहरणीय सुरक्षित र उत्थानशील आर्थिक करिडोर बन्न सक्छ।

बाढीले दिएको सबैभन्दा ठूलो पाठ यही हो– विकास भनेको संरचना बनाउनु मात्र होइन, मानिसलाई सुरक्षित राख्दै आर्थिक अवसर सिर्जना गर्नु पनि हो।

**अबको दशैं नयाँ आशाको प्रण**

अर्को वर्ष दशैं फेरि आउनेछ । टिमुरेको सडकमा फेरि कन्टेनर गुड्न सक्छन् । बेत्रावतीमा पसल खुल्न सक्छन् । ढुङ्गे बजारमा ग्राहकको चहलपहल फर्किन सक्छ । देवीघाटमा फेरि मिठाई पसलका बत्ती बल्न सक्छन् ।

तर त्यसबेला फर्किने रौनक पुरानो मात्र हुनु हुँदैन । त्यहाँ सुरक्षित बस्ती हुनुपर्छ । जोखिमअनुकूल घर हुनुपर्छ । बलिया पुल हुनुपर्छ । व्यवस्थित सडक हुनुपर्छ । नदीको प्राकृतिक बहावलाई सम्मान गर्ने विकास हुनुपर्छ । पूर्वसूचना प्रणाली हुनुपर्छ । आपत्कालीन उद्धार संरचना हुनुपर्छ । स्थानीय युवाका लागि रोजगारी हुनुपर्छ । व्यवसायीका लागि लगानीको वातावरण हुनुपर्छ । र, स्थानीय उत्पादन तथा पर्यटनलाई जोडेर नयाँ आर्थिक अवसर सिर्जना हुनुपर्छ ।

नीलबहादुर श्रेष्ठका गुमेका परिवारका सदस्य फर्कने छैनन् । पार्वती सिमखडाले देखेको त्यो भयावह दृश्य पनि मेटिने छैन । बाढीमा आफन्त गुमाएका परिवारको पीडा कुनै पुनर्निर्माणले पूर्ण रूपमा मेटाउन सक्दैन । तर उनीहरूको पीडाबाट पाठ सिक्न सकिन्छ ।

त्यही पाठबाट सुरक्षित बस्ती बनाउन सकिन्छ । त्यही पाठबाट बलिया सडक र पुल बनाउन सकिन्छ । त्यही पाठबाट पूर्वसूचना प्रणाली विकास गर्न सकिन्छ । त्यही पाठबाट नयाँ रोजगारी सिर्जना गर्न सकिन्छ । र, त्यही पाठबाट आगामी पुस्तालाई सुरक्षित बनाउन सकिन्छ ।



टिमुरे, बेत्रावती, ढुङ्गे र देवीघाट फेरि उठ्न सक्छन् । तर यसपटक केवल घर र पसल उठाउनु पर्याप्त छैन । बजार उठाउनुपर्छ । व्यवसाय उठाउनुपर्छ । रोजगारी उठाउनुपर्छ । स्थानीय अर्थतन्त्र उठाउनुपर्छ । विश्वास उठाउनुपर्छ । विकासको नयाँ सोच उठाउनुपर्छ । भोटेकोशीले बजार र बस्ती बगायो । अब त्यही बगरबाट नयाँ सम्भावना उठाउने समय आएको छ । त्यो सम्भावना सुरक्षित बस्तीको हुनुपर्छ । त्यो सम्भावना रोजगारीको हुनुपर्छ । त्यो सम्भावना व्यवस्थित व्यापारको हुनुपर्छ । त्यो सम्भावना पर्यटन र स्थानीय उत्पादनको हुनुपर्छ ।

र सबैभन्दा ठूलो कुरा– अब यस्तो विपत्ति दोहोरिँदा मानिसले असहाय भएर बाढी हेर्नुपर्ने अवस्था नआओस् । भोटेकोशीले हामीलाई पीडा दिएको छ । अब त्यसले दिएको पाठलाई विकासको शक्तिमा बदल्ने जिम्मेवारी हाम्रो हो ।

अर्को दशैं आउँदा टिमुरे, बेत्रावती, ढुङ्गे र देवीघाटमा केवल पसलका सटर नखुलून्–नयाँ आशाका ढोका पनि खुलून् । बगरमा फेरि बजार उठोस् । बजारसँगै मानिसको विश्वास उठोस् । र यो पटकको पुनर्निर्माणले एउटा यस्तो नेपाल बनाओस्, जहाँ विपत्ति आए पनि त्यसले फेरि मानिसको घर, रोजगारी, सपना र भविष्य बगाउन नसकोस् ।




# ७१ अर्बको फाइल

## आईपीओको ढोकामा रोकिएका कम्पनी र सुधारको दाबी गरिरहेको सेबोन

दुई-तीन वर्षअघि आवेदन दिएका कम्पनी अझै प्रतीक्षामा छन्। उता सेबोन भने प्राथमिक बजार सुधारका लागि श्वेतपत्रदेखि नयाँ निर्देशिकासम्म ल्याइरहेको छ। प्रश्न एउटै छ-नयाँ नियम बनाउँदै गर्दा पुराना फाइलको निर्णय कहिले हुन्छ?

● अर्थ र रोजगार




एउटा कम्पनीले बैंकबाट ऋण लिएर आयोजना बनाउँछ। अर्कोले निजी लगानीकर्ताबाट पुँजी जुटाउँछ। कुनै कम्पनीले वर्षौं लगाएर आफ्नो व्यवसाय स्थापित गर्छ र अन्ततः सर्वसाधारणलाई सेयर जारी गरेर पुँजी विस्तार गर्ने निर्णय गर्छ।

त्यसपछि सुरु हुन्छ-धितोपत्र बोर्डको ढोका ढकढक्याउने प्रक्रिया। आवेदन जान्छ। कागजात बुझाइन्छ। बोर्डबाट टिप्पणी आउँछ। कम्पनीले जवाफ दिन्छ। थप विवरण माग्छ। वित्तीय विवरण अद्यावधिक हुन्छ। फेरि परीक्षण हुन्छ।

तर निर्णय कहिले? नेपाल धितोपत्र बोर्ड (सेबोन) मा अहिले यही प्रश्नको उत्तर खोजिरहेका कम्पनीहरूको संख्या ठूलो छ। बोर्डको पछिल्लो उपलब्ध आईपीओ आवेदन सूची २०८३ असोज ७ गतेसम्म अद्यावधिक छ। अद्यावधिक विवरणअनुसार ११२ कम्पनीले ७१ अर्ब २९ करोड १९ लाख रुपैयाँ बराबरका करिब ४९ करोड ६९ लाख कित्ता आईपीओ निष्काशनका लागि आवेदन दिएका छन्।

यो कुनै एउटा क्षेत्रको समस्या होइन। जलविद्युत्, सिमेन्ट, स्टिल, होटल तथा पर्यटन, लगानी कम्पनी, माइक्रोइन्स्योरेन्स, हेलिकप्टर कम्पनीदेखि डिजिटल सेवासँग जोडिएका कम्पनीसम्म छन्।

अर्थात्, नेपालको अर्थतन्त्रका विभिन्न क्षेत्रमा लगानी गरिरहेका कम्पनीहरू सार्वजनिक पुँजी बजारमा प्रवेश गर्न चाहिरहेका छन्। तर ठूलो प्रश्न यो हो-उनीहरूलाई बजारमा प्रवेश गराउने नियामकको ढोका किन यति लामो समयदेखि खुल्न सकेको छैन?

### फाइलको थुप्रो र सुधारको घोषणाबीचको विरोधाभास

सेबोन अहिले निष्क्रिय छैन। बरु पछिल्ला महिनामा बोर्डले एकपछि अर्को नयाँ दस्तावेज सार्वजनिक गरिरहेको छ। २०८३ साउनमा प्राथमिक पुँजी बजार सुधार नीति आयो। त्यसअघि र त्यसपछि प्राथमिक पुँजी बजार विकाससम्बन्धी श्वेतपत्र सार्वजनिक भयो। मार्जिन ऋण कारोबार नियमावलीको मस्यौदा आयो। धितोपत्र वित्तीय सेवासम्बन्धी नियामकीय रूपरेखा सार्वजनिक भयो। असोज लागेपछि पनि गतिविधि रोकिएको छैन।

सेबोनले सार्वजनिक निष्काशनको सामान्य योग्यता सम्बन्धी निर्देशिका, २०८३ को मस्यौदा सार्वजनिक गरेको छ। त्यसैगरी अन्तरदिवसीय कारोबारसम्बन्धी अवधारणापत्र र आधारभूत सेयरधनीले सेयर बिक्री गर्नुअघि बजारलाई अग्रिम सूचना दिनुपर्ने व्यवस्थासम्बन्धी अवधारणापत्र पनि सार्वजनिक भएका छन्।

अर्थात्, बोर्डको एउटा हात नयाँ बजार संरचना बनाउँदैछ। अर्को हात पुराना आईपीओ फाइल परीक्षण गरिरहेको छ। यही दुई प्रक्रियाबीचको दूरी अहिले नेपालको पुँजी बजार सुधारको सबैभन्दा महत्वपूर्ण प्रश्न बनेको छ। नयाँ उपकरण थपेर मात्र बजार आधुनिक हुँदैन। नियामकीय निर्णय प्रक्रिया पनि आधुनिक, पारदर्शी र समयबद्ध हुनुपर्छ।

### ११२ कम्पनीको फाइलभित्र के छ?

७१ अर्ब रुपैयाँको आंकडा सुन्दा यो कुनै एउटा ठूलो परियोजनाको रकमजस्तो लाग्न सक्छ। तर यो रकम ११२ कम्पनीले सार्वजनिक बजारबाट उठाउन प्रस्ताव गरेको कुल रकम हो। उपलब्ध विवरणअनुसार

सबैभन्दा ठूलो हिस्सा जलविद्युत् र उत्पादन तथा प्रशोधन क्षेत्रको छ।

जलविद्युतका ३५ कम्पनीले करिब १७ करोड कित्ताका लागि आवेदन दिएका छन्। उत्पादन तथा प्रशोधन क्षेत्रका ३२ कम्पनीको आवेदन करिब १७ करोड ४१ लाख कित्ताको छ। होटल तथा पर्यटन क्षेत्रका १८ कम्पनीले करिब ५ करोड ८२ लाख कित्ता प्रस्ताव गरेका छन्।

लगानी क्षेत्रका नौ कम्पनीले ३ करोड २० लाख कित्ता तथा माइक्रोइन्स्योरेन्स क्षेत्रका तीन कम्पनीले करिब ६७ लाख कित्ताका लागि आवेदन दिएका छन्। अन्य समूहका कम्पनीको प्रस्तावित कित्ता पनि जोड्दा कुल करिब ४९ करोड ६९ लाख पुग्छ। यो केवल सेयर बजारको तथ्यांक होइन।

यसलाई अर्को कोणबाट हेर्दा यो नेपालको निजी क्षेत्रले पुँजी बजारमार्फत स्रोत जुटाउन खोजिरहेको तस्वीर हो। यदि ती कम्पनीमध्ये मापदण्ड पूरा गरेका कम्पनीको आईपीओ स्वीकृत हुन्छ भने बजारमा नयाँ कम्पनी थपिन्छन्, सार्वजनिक स्वामित्वको दायरा विस्तार हुन्छ र सर्वसाधारणको लगानीको अवसर बढ्छ।

अर्को कोणबाट हेर्दा यो नेपालको निजी क्षेत्रले पुँजी बजारमार्फत स्रोत जुटाउन खोजिरहेको तस्वीर हो । यदि ती कम्पनीमध्ये मापदण्ड पूरा गरेका कम्पनीको आईपीओ स्वीकृत हुन्छ भने बजारमा नयाँ कम्पनी थपिन्छन्, सार्वजनिक स्वामित्वको दायरा विस्तार हुन्छ र सर्वसाधारणको लगानीको अवसर बढ्छ ।




तर यही प्रक्रियामा जोखिम पनि छ। नियामकले पर्याप्त परीक्षण नगरी आईपीओ स्वीकृत गऱ्यो भने सर्वसाधारणको पैसा कमजोर कम्पनीमा जान सक्छ। अत्यधिक ढिलाइ गऱ्यो भने कम्पनीको व्यवसायिक योजना, लागत संरचना र वित्तीय अनुमान नै परिवर्तन हुन सक्छ। त्यसैले असली प्रश्न 'छिटो कि ढिलो?' होइन। प्रश्न हो- विश्वसनीय ढंगले कति समयमा निर्णय गर्ने?

**२०८० सालदेखि कुर्ने कम्पनी**

यो सूचीको सबैभन्दा गम्भीर पक्ष आवेदनको अवधि हो। कतिपय कम्पनीले २०८० सालमै आवेदन दिएका थिए। जलविद्युततर्फ रिचेत खोला जलविद्युत् कम्पनीले २०८० भदौ २९ गते आईपीओका लागि आवेदन दिएको थियो।

आयोजना निर्माण सम्पन्न भइसकेको र राष्ट्रिय प्रसारण लाइनमा समेत जोडिएको अवस्थामा पनि आईपीओ स्वीकृतिको प्रतीक्षा लामो बनेको छ। हिम रिभर पावर, लोअर इर्खुवा जलविद्युत्, एपेक्स मकालु हाइड्रोपावर र गौरीशंकर पावर डेभलपमेन्टजस्ता कम्पनीले पनि त्यही अवधिमा आवेदन दिएका थिए।

यसको अर्थ, एउटा कम्पनीको आयोजना पूरा हुनुभन्दा आईपीओ स्वीकृतिको प्रतीक्षा लामो हुन सक्छ। यस्तो अवस्थामा कम्पनीका लागि आईपीओ केवल पुँजी जुटाउने माध्यम रहँदैन; यो व्यवसायिक योजनाको अनिश्चितता पनि बन्न सक्छ।

**होटलको कथा : आवेदन, आपत्ति र पुनः आवेदन**

पर्यटन क्षेत्रमा पनि यस्तै उदाहरण छन्। एपेक्स हस्पिटालिटीले २०८० असोज १२ गते पहिलोपटक आवेदन दिएको थियो। बोर्डबाट मापदण्ड पूरा नभएको जनाइएपछि कम्पनीले २०८२ चैत १८ गते पुनः आवेदन दिएको विवरणमा उल्लेख छ।

अर्थात् एउटा कम्पनीको आईपीओ फाइल बोर्डमा पुगेपछि अन्तिम स्वीकृतिसम्म पुग्ने बाटो एउटै रेखाजस्तो छैन। बीचमा टिप्पणी आउँछ। कम्पनीले कागजात थप्छ। मापदण्ड परिवर्तन हुन सक्छ। वित्तीय वर्ष परिवर्तन हुन्छ। वित्तीय विवरण नयाँ बनाउनुपर्छ। त्यसपछि फेरि परीक्षण। यस्तो प्रक्रियामा सबैभन्दा ठूलो समस्या के हुन्छ? समय।

विशेषगरी होटल, जलविद्युत् र उत्पादनमूलक उद्योगजस्ता पुँजी-गहन व्यवसायमा दुई वर्षको अन्तराल सानो कुरा होइन। यसबीच ब्याजदर बदलिन सक्छ। निर्माण लागत बढ्न सक्छ। ऋण बढ्न सक्छ। आम्दानीको अनुमान बदलिन सक्छ। कम्पनीको वित्तीय संरचना बदलिन सक्छ। तर आईपीओको आवेदन भने पुरानै मितिमा अड्किएको हुन्छ।

**प्रिमियम आईपीओ : सेबोनको सबैभन्दा कठिन परीक्षा**

७१ अर्बको पाइपलाइनमा अर्को संवेदनशील विषय हो-प्रिमियममा आउने आईपीओ। जगदम्बा स्टिलले प्रतिकित्ता ३३० रुपैयाँमा आईपीओ निष्काशन गर्ने प्रस्ताव गरेको छ। शौर्य सिमेन्टले ३३३ रुपैयाँ र मारुती सिमेन्टले ४२६ रुपैयाँको प्रस्ताव गरेका छन्। सेबोनको पुरानो विवरणमा पनि जगदम्बा स्टिल, शौर्य सिमेन्ट, मारुती सिमेन्ट र शिवम् होल्डिङ्सजस्ता कम्पनीका प्रिमियम प्रस्ताव देखिन्छन्।

यहींबाट आईपीओको गुणस्तरसम्बन्धी बहस सुरु हुन्छ। अंकित मूल्यमा आईपीओ जारी गर्दा प्रश्न तुलनात्मक रूपमा सरल हुन्छ। तर कुनै कम्पनीले १०० रुपैयाँको अंकित सेयर ३३० वा ४२६ रुपैयाँमा सर्वसाधारणलाई बेच्न खोज्छ भने प्रश्न उठ्छ- त्यो अतिरिक्त मूल्यको आधार के

हो? कम्पनीको आम्दानी कति छ? प्रतिसेयर आम्दानी कति छ? नेटवर्थ कति छ? भविष्यको नगद प्रवाह कस्तो छ? उद्योगको जोखिम कति छ? कम्पनीको ऋण कति छ? सम्बन्धित सम्पत्तिको मूल्यांकन कसरी भएको छ? भविष्यको नाफाको प्रक्षेपण कति विश्वसनीय छ? यी प्रश्नको उत्तर खोज्नु सेबोनको जिम्मेवारी हो ।

त्यसैले प्रिमियम आईपीओमा ढिलाइलाई केवल 'बोर्डले फाइल रोकेको' भनेर बुझ्नु अपूर्ण हुन्छ । तर अर्को प्रश्न पनि छ - यस्ता परीक्षणका लागि स्पष्ट मापदण्ड र निश्चित समयसीमा किन नहुने?

**आईपीओ स्वीकृति : अनुमति मात्र होइन, सार्वजनिक विश्वासको प्रमाणपत्र**

सर्वसाधारणलाई सेयर बेच्ने अनुमति दिनु नियामकका लागि साधारण प्रशासनिक काम होइन । आईपीओ स्वीकृत भएपछि कम्पनीले सर्वसाधारणबाट पैसा उठाउँछ । त्यसैले सेबोनले कम्पनीको वित्तीय विवरण, व्यवस्थापन, परियोजना, जोखिम, ऋण, सम्भावित दायित्व र सार्वजनिक निष्काशनसम्बन्धी विवरण परीक्षण गर्नुपर्छ ।

तर नियामकको अर्को दायित्व पनि छ-आफ्नो निर्णय प्रक्रिया आफैं पारदर्शी बनाउनु ।

उदाहरणका लागि, कुनै फाइल तीन वर्षसम्म विचाराधीन छ भने लगानीकर्ताले जान्न पाउनुपर्छ- फाइल कुन चरणमा छ? कम्पनीसँग के कागजात मागिएको छ? कम्पनीले जवाफ दिएको छ कि छैन? कानुनी समस्या छ कि वित्तीय? मापदण्ड नपुगेको हो कि मूल्यांकनको समस्या हो? बोर्डले निर्णय गर्न बाँकी राखेको हो कि कम्पनीले जवाफ दिन बाँकी छ? अहिले यस्ता प्रश्नको सम्पूर्ण उत्तर सार्वजनिक रूपमा सहजै भेटिँदैन । यही ठाउँमा 'रेगुलेटरी ट्रान्सपरेन्सी' अर्थात् नियामकीय पारदर्शिताको प्रश्न उठ्छ ।

'कम्पनीको वित्तीय विवरण मागेका छौं' सेबोनको भनाइ भने फरक छ । बोर्डका प्रवक्ता निरञ्जय घिमिरेका अनुसार आईपीओ स्वीकृति प्रक्रिया रोकिएको होइन । आवेदन दिएका कम्पनीलाई पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण पेस गर्न भनिएको र विवरण प्राप्त भएपछि प्रक्रिया अघि बढाउने बोर्डको भनाइ छ ।

यो तर्कलाई बेवास्ता गर्न मिल्दैन । आर्थिक वर्ष परिवर्तन भएपछि पुरानो वित्तीय विवरणका आधारमा आईपीओ स्वीकृत गर्नु नियामकीय दृष्टिले उचित नहुन सक्छ । विशेषगरी प्रिमियममा सेयर निष्काशन गर्ने कम्पनीका लागि पछिल्लो वित्तीय अवस्था झन् महत्वपूर्ण हुन्छ । तर यहाँ अर्को प्रश्न उठ्छ । यदि प्रत्येक आर्थिक वर्ष परिवर्तनसँगै पुराना फाइल पुनः वित्तीय परीक्षणमा जाने हो भने पुरानो आवेदनको 'प्रोसेसिङ टाइम' कसरी मापन गर्ने?

कम्पनीले पहिलो आवेदन दिएको मितिदेखि? पछिल्लो पूर्ण कागजात प्राप्त भएको मितिदेखि? वा बोर्डले सबै टिप्पणी पठाइसकेको मितिदेखि? यो स्पष्ट नभएसम्म 'कम्पनी ढिलो भयो' र 'बोर्ड ढिलो भयो' भन्ने आरोप-प्रत्यारोप चलिरहन्छ ।

**सेबोन आफैंले सुधारको नयाँ बाटो कोरिरहेको छ**

रोचक कुरा के छ भने, यही अवधिमा सेबोनले प्राथमिक बजारलाई सुधार गर्न महत्वपूर्ण नीतिगत पहल पनि अघि बढाएको छ । बोर्डले २०८३ साउन १२ गते प्राथमिक पुँजी बजार सुधार नीति सार्वजनिक गरेको छ । त्यसअघि २०८३ साउन ६ गते नेपालको प्राथमिक पुँजी बजार विकाससम्बन्धी श्वेतपत्र सार्वजनिक गरिएको थियो ।

मार्जिन ऋण कारोबारको मस्यौदा, धितोपत्र वित्तीय सेवाको नियामकीय रूपरेखा र सेक्युरिटिज लेन्डिङ, बोरोइङ तथा शर्ट सेलिङसम्बन्धी अवधारणापत्र पनि सार्वजनिक भएका छन् । अझ पछिल्लो समय सेबोनले अन्तरदिवसीय कारोबारसम्बन्धी अवधारणापत्रसमेत सार्वजनिक गरेको छ ।

यसबाट देखिन्छ-बोर्ड अब परम्परागत बजारबाट नयाँ उपकरणसहितको बजारतर्फ जान खोजिरहेको छ । तर यहाँ एउटा संस्थागत प्रश्न उठ्छ । यदि नियामकले बजारको अत्याधुनिक भविष्यको डिजाइन गरिरहेको छ भने वर्तमानको आधारभूत प्रशासनिक प्रक्रिया पनि त्यत्तिकै आधुनिक हुनुपर्दैन?

**अर्थ मन्त्रालयको २१ बुँदे योजना : अब समयसीमाको परीक्षा**

यसबीच अर्थ मन्त्रालयले भदौ २९ गते पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना २०८३ सार्वजनिक गरेको छ । मन्त्रालयको वेबसाइटमा यो कार्ययोजना औपचारिक रूपमा प्रकाशित छ । यसले पुँजी बजार सुधारलाई केवल सेबोनको जिम्मेवारीबाट बाहिर ल्याएर अर्थ मन्त्रालय, राष्ट्र बैंक, नेप्से, सीडीएससीलगायत विभिन्न निकायको समन्वयसँग जोडेको छ ।

यही कारण अब प्रश्न पनि फराकिलो भएको छ । सेबोनले के गऱ्यो? भन्ने मात्र होइन, अर्थ मन्त्रालयले तोकेको समयसीमा पूरा भयो कि भएन? राष्ट्र बैंकको निर्देशनको प्रभाव देखियो कि देखिएन? नेप्सेको पुनर्संरचना कहाँ पुग्यो? एनआरएनलाई बजारमा प्रवेश गराउने कानुनी प्रक्रिया कहाँ पुग्यो? मार्जिन कारोबार कहिले कार्यान्वयन हुन्छ? यस्ता प्रश्नको उत्तरले अब पुँजी बजार सुधारको वास्तविक गति मापन गर्नेछ ।

**सबैलाई तुरुन्त आईपीओ स्वीकृति दिनु समाधान हो?**

७१ अर्बको आवेदन छ भन्दैमा सबैलाई तुरुन्त आईपीओ स्वीकृति दिनु समाधान होइन । किनभने आवेदन गर्नु र योग्य हुनु एउटै कुरा होइन । कम्पनीले आवेदन दिन सक्छ । तर नियामकले त्यसको वित्तीय अवस्था परीक्षण गर्नुपर्छ । प्रिमियमको मूल्यांकन वास्तविक हो कि होइन हेर्नुपर्छ ।



**डा. गोपालप्रसाद भट्ट,**
*अध्यक्ष, नेपाल धितोपत्र बोर्ड*

## आईपीओ स्वीकृतिमा 'टाइमलाइन' तोक्दै छौं

धितोपत्र बोर्डले आईपीओ स्वीकृति प्रक्रियामा 'टाइमलाइन' तोक्ने तयारी गरेको छ । बोर्डमा आउने फाइल कुन तहमा कति समय रहने र कुन प्रक्रियाबाट अघि बढ्ने भन्ने स्पष्ट पार्न 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसेजर' (एसओपी) बनाउन लागिएको छ । बोर्डमा आईपीओसम्बन्धी फाइल विभिन्न तहमा अध्ययन तथा समीक्षाका लागि जाने भएकाले प्रत्येक तहको जिम्मेवारी र फाइल अघि बढाउने समयसीमा स्पष्ट पारिनेछ । यसबाट प्रक्रिया पूरा भएका फाइल अनावश्यक रूपमा लामो समय रोकिराख्ने अवस्था अन्त्य हुने अपेक्षा छ ।

सम्भावित जोखिम सार्वजनिक भएको छ कि छैन हेर्नुपर्छ । सम्बन्धित पक्षसँगको कारोबार, ऋण, सम्पत्ति मूल्यांकन र परियोजनाको अवस्था जाँच गर्नुपर्छ ।

त्यसैले सेबोनले '७१ अर्बको आईपीओ छ, अब छिटो स्वीकृत गरौं' भन्ने दबाबमा निर्णय गर्नु पनि उचित हुँदैन । तर 'परीक्षण भइरहेको छ' भन्ने नाममा वर्षौंसम्म अनिश्चितता कायम राख्नु पनि नियामकीय दक्षताको आदर्श होइन ।

तथापी सेवोनले आईपीओ स्वीकृति प्रक्रियामा 'टाइमलाइन' तोक्ने तयारी गरेको जनाएको छ । आईपीओ निष्कासनका लागि बोर्डमा आउने फाइल कुन तहमा कति समय रहने र कुन प्रक्रियाबाट अघि बढ्ने भन्ने स्पष्ट पार्न 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसेजर' (एसओपी) बनाउन लागिएका सेवोनको भनाई छ ।

सेवोनका अध्यक्ष डा. गोपालप्रसाद भट्टले आईपीओ स्वीकृति प्रक्रियालाई व्यवस्थित बनाउन एसओपी आवश्यक रहेको बताएका हुन् । उनका अनुसार बोर्डमा आईपीओसम्बन्धी फाइल विभिन्न तहमा अध्ययन तथा समीक्षाका लागि जाने भएकाले प्रत्येक तहको जिम्मेवारी र फाइल अघि बढाउने समयसीमा स्पष्ट पारिनेछ । यसबाट प्रक्रिया पूरा भएका फाइल अनावश्यक रूपमा लामो समय रोकिराख्ने अवस्था अन्त्य हुने बोर्डको अपेक्षा छ ।

'स्ट्यान्डर्ड अपरेटिङ प्रोसेजर फर आईपीओ अप्रुभल बनाउँदैछौं । बोर्डमा विभिन्न तह हुन्छन् । कुन फाइल कुन तहमा पुगेको छ र त्यहाँबाट कसरी अघि बढाउने भन्ने स्पष्ट प्रणाली बनाउँदैछौं,' अध्यक्ष भट्टले भने । अहिले आईपीओ स्वीकृतिका लागि कम्पनीले पेश गरेका कागजात तथा फाइल बोर्डभित्र विभिन्न तहबाट अध्ययन हुने गर्छन् । वित्तीय, कानुनी, प्राविधिक तथा अन्य आवश्यक पक्षको समीक्षा गरेपछि मात्र स्वीकृति प्रक्रियामा फाइल अघि बढ्ने व्यवस्था छ ।

**अन्ततः प्रश्न सेबोनको क्षमतामाथि होइन, प्रणालीमाथि हो**

७१ अर्ब २९ करोड रुपैयाँको आईपीओ पाइपलाइनलाई केवल 'सेबोनले आईपीओ रोक्यो' भन्ने एउटा वाक्यमा सीमित गर्नु सजिलो हुन्छ । तर वास्तविक तस्वीर त्यति सरल छैन । कम्पनीको कागजात अपूर्ण हुन सक्छ । वित्तीय विवरण अद्यावधिक गर्नुपर्ने हुन सक्छ । मूल्यांकनमा प्रश्न उठ्न सक्छ । कानुनी व्यवस्था बदलिन सक्छ । बोर्डले थप जानकारी माग्न सक्छ । आर्थिक वर्ष परिवर्तन हुन सक्छ । यी सबै नियामकीय प्रक्रियाका स्वाभाविक भाग हुन् । तर त्यसैगरी अर्को सत्य पनि छ- अनिश्चित समयसम्म चल्ने प्रक्रिया आफैंमा समस्या बन्न सक्छ । त्यसैले अब सेबोनसामु सबैभन्दा ठूलो चुनौती आईपीओको संख्या घटाउनु वा बढाउनु होइन । प्रक्रियालाई पूर्वानुमानयोग्य बनाउनु हो ।

अब प्रश्न 'सेबोनले आईपीओ किन रोकेको?' मात्र होइन । प्रश्न अझ गहिरो छ । सेबोनले नयाँ नियम बनाइरहेको छ -तर ती नियमले पुराना फाइललाई कसरी टुंग्याउँछन्? सेबोनले बजारमा नयाँ उपकरण ल्याउन खोजिरहेको छ - तर प्राथमिक बजारको आधारभूत स्वीकृति प्रक्रिया कति छिटो हुन्छ? सेबोनले बजारलाई गुणात्मक बनाउने लक्ष्य राखेको छ - तर गुणस्तर परीक्षणको समयसीमा कति हो? सेबोनले लगानीकर्ताको हित संरक्षण गर्ने बताइरहेको छ - तर वर्षौंदेखि प्रतीक्षामा रहेका कम्पनी र तिनका लगानीकर्तालाई निर्णय प्रक्रियाबारे कति सूचना दिइन्छ?

यी प्रश्नको उत्तर कुनै नयाँ दस्तावेजले मात्र दिने छैन । उत्तर आउनेछ-फाइलमा भएको निर्णयबाट । अहिले सेबोनको वेबसाइटमा आईपीओ आवेदन सूची छुट्टै सार्वजनिक छ र पछिल्लो सूची २०८३ असोज ७ गतेसम्म अद्यावधिक गरिएको देखिन्छ । बोर्डले नयाँ बजार सुधारसम्बन्धी दस्तावेज पनि लगातार सार्वजनिक गरिरहेको छ ।

अब बजारको प्रतीक्षा एउटै छ । ७१ अर्ब रुपैयाँको फाइलमा कति कम्पनी योग्य ठहरिन्छन् भन्ने मात्र होइन-कति समयभित्र निर्णय हुन्छ? किनकि पुँजी बजारमा विश्वास नेप्सेको अंकले मात्र बनाउँदैन । नियामकको निर्णय कति स्पष्ट, निष्पक्ष र समयमै आउँछ भन्ने कुराले पनि बनाउँछ ।

र अहिले नेपालको पुँजी बजारले खोजिरहेको सबैभन्दा ठूलो सुधार शायद यही हो- नयाँ घोषणा होइन, पुराना फाइलको समयमै फैसला ।




## मलेसिया रोजगारीको सिन्डिकेट विवाद

# प्रधानमन्त्री स्वयंको पहलकदमीले व्यवसायीमा नयाँ आशा, अझै लागेन टुंगो



नेपालका लागि वैदेशिक रोजगारीको प्रमुख गन्तव्य मानिएको मलेसिया रोजगारीमा पछिल्लो समय देखापरेको सिन्डिकेट, बिचौलिया र अपारदर्शी संयन्त्रको विवाद अब भने तार्किक निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ। मलेसिया जाने श्रमिकहरू लामो समयदेखि विभिन्न नाममा खडा गरिएका सिन्डिकेट र मेडिकल प्रणालीको मारमा परेर दोहोरो आर्थिक शोषणमा पर्दै आएका थिए। तर, यसपटक स्वयं प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले नै सिधै मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँग उच्चस्तरीय कूटनीतिक संवाद गरी सिन्डिकेट अन्त्यको कडा अडान राखेपछि यो विवाद समाधान हुने बलियो आशा उब्जिएको छ।

**विवादै विवादमा मलेसिया रोजगारी**

नेपाल र मलेसियाबीच वैदेशिक रोजगारीको विषयलाई लिएर लामो समयदेखि उतारचढावपूर्ण इतिहास रहेको छ। सन् २०१८ तिर मलेसिया जान भीएलएन, बायोमेट्रिक, माइग्राम्स र जीएसजी जस्ता विभिन्न एजेन्सी खडा भएपछि नेपाल सरकारले केही समयका लागि मलेसिया रोजगारी पूर्ण रूपमा रोकेको थियो।

तत्पश्चात दुई देशबीच 'शून्य लागत'मा श्रमिक पठाउने गरी ऐतिहासिक द्विपक्षीय श्रम सम्झौता त भयो, तर व्यवहारमा भने सिन्डिकेटको प्रयास पूर्ण रूपमा रोकिएन। स्वास्थ्य परीक्षणका लागि सीमित स्वास्थ्य संस्थाहरूलाई मात्रै एकाधिकार दिने र म्यानपावर कम्पनीहरूमा पनि सीमित पहुँच भएकालाई मात्र चयन गर्ने प्रयासले निरन्तरता पाइरह्यो।

**एफडब्लुसिएमएस सूची र विवादको उत्कर्ष**

विवाद थप जटिल त्यतिबेला बन्यो, जब मलेसियाको 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्लुसिएमएस) मा नेपालका केवल २५ वटा मेनपावर कम्पनीलाई मात्र सूचीकृत गरियो। यो कदमले बाँकी सयौँ म्यानपावर व्यवसायीहरूलाई प्रतिस्पर्धाबाट बाहिर धकेल्दै सिन्डिकेटलाई वैधानिकता दिन खोजेको भन्दै नेपालका वैदेशिक रोजगार व्यवसायी र सरकारले कडा विरोध जनाएका थिए। यहाँसम्मकी सूचिमा परेका केही मेनपावर कम्पनीहरूले आफुहरूलाई उक्त प्रक्रियाबारे थाहा नभएको र एकाधिकारको पक्षमा आफुहरू नरहेको बिज्ञप्ती नै निकालेका थिए। तर, उक्त विरोध र दबाबका बीच समस्या समाधान हुनुको साटो सोही एफडब्लुसिएमएस प्रणालीमा थप २३० वटा मेनपावर कम्पनीको सूची सार्वजनिक गरियो। यसरी सीमित कम्पनीहरूलाई मात्र छानी-छानी काम दिने र बाँकी व्यवसायीलाई पाखा लगाउने कदमले विवादलाई थप उत्कर्षमा पुऱ्याएको थियो। यसले बजारमा अस्वस्थ प्रतिस्पर्धा बढाउनुका साथै अन्ततः त्यसको प्रत्यक्ष आर्थिक भार सोझा र निमुखा श्रमिकहरूकै काँधमा थपिने पक्का थियो।

**प्रधानमन्त्रीको पहिलोपटक प्रत्यक्ष पहलकदमी र नयाँ आशा**

यसअघि श्रम मन्त्रालय वा कूटनीतिक नियोगको तहबाट मात्रै यस्ता विषय उठाउने गरिए पनि समस्याको स्थायी समाधान हुन सकेको थिएन। तर, इतिहासमै पहिलोपटक सरकार प्रमुख (प्रधानमन्त्री) स्वयंले मलेसियाका प्रधानमन्त्रीसँग टेलिफोन संवाद गरी "सिन्डिकेट र बिचौलिया प्रथा नेपाल सरकारलाई कुनै पनि हालतमा स्वीकार्य छैन" भन्दै कडा सन्देश दिएका छन्।




# सीमित संस्थामार्फत कामदार पठाउने व्यवस्थाप्रति संघको आपत्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको 'एफडब्लुसीएमएस' प्रणालीअन्तर्गत सीमित नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्र सूचीकृत गरी नेपाली श्रमिक पठाउने व्यवस्था गर्न लागिएकोप्रति आपत्ति जनाएको छ।

संघले पत्रकार सम्मेलन गर्दै पारदर्शी मापदण्डबिना व्यक्तिगत पहुँच र अनधिकृत चलखेलका आधारमा सीमित संस्थालाई छनोट गरी अन्य वैधानिक रूपमा इजाजतप्राप्त व्यवसायीलाई बाहिर राख्ने प्रयास स्वीकार्य नहुने जनाएको हो।

मलेसिया नेपाली श्रमिकका लागि महत्वपूर्ण श्रम गन्तव्य भएकाले रोजगारी खुला हुनुपर्ने भए पनि मलेसिया खुलाउने नाममा सिन्डिकेट स्वीकार गर्न नसकिने संघको धारणा छ। मलेसिया बन्द गर्नु आफ्नो उद्देश्य नभएको भन्दै संघले श्रमिकलाई मलेसिया जाने अवसर यथावत् राख्दै सिन्डिकेटरहित प्रणाली बनाउनुपर्ने माग गरेको छ।

नेपाल सरकारले कानुन बनाएर इजाजत दिएका करिब १ हजार २०० वैदेशिक रोजगार व्यवसायीमध्ये सीमित संस्थालाई मात्र विदेशी निजी प्रणालीमार्फत छनोट गर्ने अवस्था सिर्जना हुनु राज्यको नियमनकारी अधिकारसँग जोडिएको विषय भएको संघको भनाइ छ।

सीमित संस्थाको नियन्त्रणमा श्रमिक पठाउने व्यवस्था भए प्रतिस्पर्धा घट्ने, लागत बढ्ने, पारदर्शिता कमजोर हुने तथा अनौपचारिक रकम असुली बढ्न सक्ने संघको दाबी छ। त्यसको प्रत्यक्ष असर अन्ततः नेपाली श्रमिकमाथि पर्ने संघले जनाएको छ।

संघले 'एफडब्लुसीएमएस' मा सूचीकृत हुनका लागि भएको भनिएका केही आर्थिक कारोबारबारे समेत छानबिन गर्न माग गरेको छ। संघका अध्यक्ष डिकबहादुर (कुमार) खत्रीले मलेसिया आवश्यक भए पनि सिन्डिकेट आवश्यक नभएको, खुला श्रम बजार आवश्यक भए पनि एकाधिकार स्वीकार्य नहुने बताए। उनले मलेसियामा सुरु गर्न खोजिएको यस्तो अभ्यासलाई रोक्न नसकिए भविष्यमा अन्य श्रम गन्तव्यमा समेत त्यस्तै व्यवस्था दोहोरिन सक्ने दाबी गरे।

संघले सिन्डिकेटविरुद्ध एकजुट हुन तथा श्रमिकको अधिकार, खुला श्रम बजार र नेपालको कानुनको पक्षमा उभिन सम्बन्धित सबै पक्षलाई आग्रह गरेको छ।


प्रधानमन्त्री बालेन शाहको यो स्पष्ट र चट्टानी अडानपछि वर्षौंदेखि सिन्डिकेटको मार झेलिरहेका वैदेशिक रोजगार व्यवसायीहरूमाझ ठूलो आशाको सञ्चार भएको छ। मलेसियाली प्रधानमन्त्री इब्राहिमले पनि सिन्डिकेट र शोषणकारी परिपाटीप्रति शून्य सहनशीलताको नीति दोहोऱ्याउँदै आफ्ना श्रममन्त्रीलाई तत्कालै नेपाली समकक्षीसँग समन्वय गरी ठोस निकास निकाल्न निर्देशन दिने प्रतिबद्धता व्यक्त गरेका छन। दुवै देशका प्रधानमन्त्री तहमा भएको यो सहमतिले ध्वःक र सिन्डिकेट विवाद चाँडै अन्त्य हुने संकेत गरेको छ।

**मर्यादित र सुरक्षित वैदेशिक रोजगारीको बाटो**

प्रधानमन्त्रीको यो उच्चस्तरीय पहलकदमीलाई वैदेशिक रोजगार क्षेत्रले एउटा कोसेढुङ्गाका रूपमा लिएको छ। योसँगै अब सरकारले मलेसियासँग मात्र नभई अन्य वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूसँग पनि श्रम सम्झौताको पुनरावलोकन, कामदारको कार्यस्थल सुरक्षा, न्यायोचित न्यूनतम पारिश्रमिक र नयाँ-नयाँ सुरक्षित गन्तव्यहरूको खोजीमा यस्तै अग्रसरता लिनुपर्ने आवश्यकता देखिएको छ। यदि सरकारले कूटनीतिक संयन्त्रलाई यसरी नै परिचालन गर्दै भर्ना प्रक्रियालाई कडाइका साथ लागू गर्न सक्यो भने नेपालको वैदेशिक रोजगार क्षेत्र मर्यादित, सुरक्षित, र व्यवस्थित बन्ने निश्चित छ।




DASHAIN
दशैं
TIHAR
तिहार
HAPPY DASHAIN & TIHAR
विजयादशमी तथा शुभदीपावली २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना
डिकबहादुर खत्री (कुमार)
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, परिवार
काठमाडौं, नेपाल


हार्दिक शुभकामना
विजयादशमी २०८३ को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।
भवानी निरौला
सञ्चालक
ब्लेज एशोसिएट्स प्रा.लि.
काठमाडौं, नेपाल




Roshi Tours & Travels Pvt. Ltd.

Kathmandu, Nepal
+977-014111291, 4111311, 9851089308
travelroshi@gmail.com

विजयादशमी २०८३ को पावन अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।




भुपाल शिवाकोटी
सञ्चालक

भिष्म शिवाकोटी
सञ्चालक

**शिवाकोटी मेनपावर प्रा.लि.**

प्रधान कार्यालय | सामाखुसी काठमाडौं

सम्पर्क कार्यालय | अनारमनी-३, बिर्तामोड, झापा



# मखमली निर्यातमा दीपाको देन !



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

वर्षाको भय टरेको छैन । हुन त भोटेकोशी बाढी वर्षात्को परिणाम होइन । जलवायु परिवर्तनले निम्त्याएको प्रत्यक्ष महाविपत्ति हो । त्यसो त नेपाल विश्वको हरितगृह ग्यास उत्सर्जनमा अत्यन्त न्यून योगदान गर्ने मुलुकमा पर्छ तर जलवायु परिवर्तनको असर भोग्ने अग्रपङ्तिमा भयो- नेपाल । बाढीले घर मात्र बगाएको छैन, परिवारको सपना बगायो । सडक र पुल मात्र भत्किएका छैनन्, कैयौं नागरिकको जीवनयापनको आधार र रोजगार खोसेर लग्यो ।

कतिले आफ्ना अभिभावक गुमाए, कतिले आफ्ना प्राणभन्दा प्यारा सन्तान- मुटुका टुक्रा गुमाए । भोटेकोशीमा बगेको पानीसँगै नेपालको विकास, नागरिकको सुरक्षा र भविष्य कालो/अँध्यारो सुरुङमार्ग भयो । कति नागरिक हराए, ठाउँको ठाउँ विलाए । पीडित परिवारले आँखाको सत्य देख्न पाएनन् । यसर्थ प्रकृति सत्य हुन् । अर्को सत्य हो- सूर्य ! त्यो कोलाहलबारे उनै सूर्य भगवान् जान्दछन् !

सम्पर्कविहीन मेरो बहिनी ज्वाई (रसुवा भन्सारमा कार्यरत प्रेमप्रसाद सेडाई) कहाँ र कुन अवस्थामा हुनुहुन्छ होला? हाम्रो परिवारमा थेगिनसक्नु पीडा पऱ्यो । आकुल मन वास्तवमै सकसपुर्ण समय थियो त्यो । म प्रातः हिँडेर फर्कदै थिएँ । भक्तपुर दधिकोटस्थित बहिनी (भगवती)को घर नजिक ढकमक मखमली फूलेका गरातिर आँखा गए । ओहो, कति राम्रो फूल फुलेछ ! तिहार टाढै छ, कसरी रहला? यो प्रश्नसँगै म अघि बढें । पर अझै पर आँखा फैलाएर हेर्दै, कति हो कति मखमली ! मानसिक थकानले लखतरान मेरो मनमा त्यो बिहान एकैछिन् भए पनि निरासाको घडा छेऊ लाग्यो ।

म बाटो काट्दै थिएँ, महिला फूल टिप्दै थिइन् । हाम्रा आँखा जुधे । बहिनी, तिहारसम्म टिकाउन सकिन्छ? मुस्किल हुनेभयो, कसरी जतन गर्नुहुन्छ? चाँडै फुलेछ नि । मलाई सुनेर खिस्स हाँस्दै उनले भनिन्- "यो मखमली त रहिहाल्छ नि दिज्यू । यतिखेरै यसको सिजन हो । अब धमाधम माला उनेर घाममा सुकाउनु पर्छ, नत्र विदेश कसरी पठाउनु? भ्याइदैन नि ।" यति भनेर उनी आफ्नो कामतिर मग्न भइन् । पर्व लक्षित निर्यातको प्रशंगले मेरो मन रमायो ।

त्यति ढकमक मखमली सायद देखेकी थिइनँ । यो फूलमा किरा लाग्छ? मैले प्रश्न थपें । "लाग्छ नि । मखमली न सयपत्री । फूलको स्याहार चर्को छ, औषधी पनि महँगो पर्छ । म त होलसेल गएर ल्याउछु । यो फूल फुलाउन वस्तुको मल चाहिन्छ तर आलो मल चै हाल्नु हुँदैन । जति पुरानो उती राम्रो हुन्छ । वर्ष दुई वर्षलाई पुग्ने मल म एकैपल्ट थुपार्छु, त्यसो भो भने ढुक्कले फूलको स्याहार पुग्छ । यतिबेला फुल टिप्ने माला उन्ने सिजन हो । असोज लागेदेखि नै मखमली फूलको माला विदेश जान्छ ! मौकामा चौका भन्छन्, नखट्नु खटेपछि ढङ्ग पुऱ्याएर गरेको कामले जीवनलाई उर्जा मिल्छ ।"

विदेशमा तिहार कस्तो हुन्छ, कसरी मनाउँछन्? अघिल्लो साल यो पङतिकारको मिठो अनुभव छ । त्यहाँ नेपालीको जमघट, देउसीभैली कार्यक्रम र भाइटीकाको रमझम झल्झली आँखामा आयो । नेपाली स्टोरमा देखिएका मखमली फुलका ती मालालाई सम्झँदै मैले पुनः प्रश्न गरैं, यहाँ प्रतिमाला कतिमा बेच्नु हुन्छ? यो बेला सहयोगी पनि चाहिन्छ कि?

"दिज्यू, म एक्लैले कसरी भ्याउनु? फूल टिप्न र उन्न नै मलाई सहयोगी चाहिन्छ । मेरो आम्दानीको ६०/७० प्रतिशत फूल टिप्न/उन्नमा खर्च हुन्छ । मैले प्रतिमाला २५ रुपैयाँमा बेच्छु । यसपाली पनि विदेशी फूल आयात नभए आम्दानी राम्रो हुने थियो ।" दीपाको आवाज हो तर मलाई भने फूल स्वयं बोलेको आभास भयो- मखमली आवाज ! स्वदेशी उत्पादनले धान्छ भने विश्वास गर्नुपर्छ । आफ्नो घर सजाएर निर्यातको ढोका खोल्नु चानचुने मौका होइन ।

फूलखेती गरेको कति वर्ष भयो? श्रीगणेश कसको प्रेरणा थियो? घरथर नाम र ठेगाना के हो? यस बाहेक पनि काम गरिन्छ कि? "दिज्यू, मैले फूलखेती गरेको छ वर्ष भयो । मेरो जन्मघर धनकुटा हो । कर्मघर उर्लाबारी र नाम दीपा सुब्बा लिम्बु । म पेप्सीकोला बस्थें । काठमाडौं आएको चै २०७२ सालमा हो । मेरो दैनिकी यहीं फूलको स्याहार सुसारमै

जान्छ। अरुले गरेको देखेर नै सुरुवात गरेकी हुँ। जान्नू हो भने यसमा खर्च कम लाग्छ। मिहिनेत पनि धेरै पर्दैन, राम्रो फाइदा हुन्छ। बजारबारे सोध्नु हुन्छ भने मैले फूल रोपेको सालदेखि एकै जना मानिस छन्, म उनैलाई बिक्री गर्छु। व्यापारी मात्र भनेर हुँदैन कतिले पैसा दिन बेइमान गर्छन्। जस्तो कि उखु किसानले पाएको हुर्मत !"

दीपालाई सुनेर उनीप्रति मोहित भएँ। उनको त्यो मुहारमा देखिएको प्रशन्नता उनको आत्मविश्वास हो। मान्छे श्रमशील हुनुपर्छ। दीपाकोजस्तै आँट भयो भने जीवनले फड्को मार्न समय लाग्दैन। उनको क्षमतालाई मैले भित्रैदेखि नमन गरें। हामी क्रमशः कुराकानीमै थियौं। बच्चाबच्ची कति छन्? श्रीमान् के गर्नुहुन्छ? प्रश्न सुनेर उनी अझ मुस्कुराइन्। "मेरो श्रीमान् मलेशिया हुनुहुन्छ। मेरो/हाम्रो छोरो र छोरी छन्। छोरीले १२ कक्षा पढिन्। उनको त बिहे नै भइसक्यो, छोरो सानै छ, पढ्दै छ।" उनलाई सुनेर अचम्म मान्दै सोधें, छोरीको बिहे भइसक्यो? "हजुर, हो नि !" यति भनेर दीपा रोकिइन्।

मेरो मन झन् दीपातिर ढल्कियो। यो जमिन लिजमा हो कि? "हो, पहिला दुई जनाले वर्षमा ७५ हजार भाडा तिर्नुपर्थ्यो। यतिबेला म एक्लैले वर्षको ७० हजार भाडा तिनुपर्छ। फूलको सिजनपछि यहाँ साग हुन्छ तर के गर्नु बिक्दैन। बोराका बोरा साग गुन्द्रुक हाल्न पठाउछु। भगवती दिदीको घर नबन्दा त्यहाँ मैले धान रोप्थें। उहाँले 'बैनी, हामीलाई केही दिनु पर्दैन, गरी खाऊ' भन्नुहुन्थ्यो। आफ्नो ठाउँ (धनकुटा)को दिदीसँग भेट हुँदा म साँच्चै खुसी भएँ। यति टाढाको यो स्थानमा एउटै घरको परिवार भेटेजस्तो कस्तो ढुक्क हुने रहेछ। यतिबेला भिनाजूको चिनोचपेटो छैन, पत्तो लागेन ! ज्यादै मर्माहत भइयो नि दिज्यू ! के गर्नु, उहाँ धेरै असल र मिजासिलो मान्छे हुनुहुन्थ्यो। भगवान्लाई पनि त्यस्तै मानिस चाहिने रहेछ....!" हामी एकछिन् स्तब्ध भयौं।

बिहान कति बजेदेखि दिनको सुरुवात हुन्छ? "म दिज्यू? पाँच बजे उठ्छु। बिहानको खाना छोरीले पकाउछिन्। काम हुँदा धमाधम हुन्छ। यदि त्यो छैन भने पनि घरभित्र बस्न मन लाग्दैन। यसोउसो म प्रायः बारी मै हुन्छु। फोटो खिच्ने र टिकटक बनाउनेले फूल टेकेर हैरान गर्छन्, फूल हेर्न जति राम्रो फुलाउन उती नै सारो छ। हुन त संसारमा कुन काम पो सजिलो होला र?"

दीपाको श्रम अर्थात् मखमली फूलको माला विदेश निर्यात हुन्छ। असोज लागेदेखि माला धमाधम उन्न पर्छ। घर-घरै महिलावर्ग व्यस्त हुँदा रहेछन्। साँच्चै, उनीहरूलाई खाना खाने फुर्सद छैन। फूल टिप्न र माला उन्न गाउँका महिलाले काम अर्थात् रोजगार पाएका छन्। जुन कामले आम्दानी पनि दिएको छ। एउटा माला उनेको पाँच रुपैयाँ पर्छ, फूल टिपेको मूल्य केजीको हिसाबमा प्राप्त गर्छन्। बहिनी, छोरो कति कक्षामा पढ्छ? उसलाई समय दिनु पर्दैन? पर्ला नि।

"दिज्यू, कुरो नगरौं। छोरो पढ्न मान्दैन। महिनाको ६ हजार लाग्छ, उसको स्कुल फी तर नाम लेख्न जान्दैन। उसको बाउसँग कुरो गऱ्यो कि छोरोतिर प्रवेश गरेपछि बुढाबुढीबिच झगडा पर्छ। ऊ बाठो पनि छ तर पढ्न मनै गर्दैन। फोन हेर्दैन, टिभी हेर्छ।" दीपाले लामो सुस्केरा तानेर खुइय् गरिन्।



दुई सन्तानबिच उमेर अन्तर रहेछ नि? कसरी यस्तो भयो? मलाई सुनेर दीपा एकछिन् मौन भइन्। उनले के सोचिन्, कुरो खोल्न थालिन्- "मेरो पहिलो बिहे टुट्यो, खपेन। २०६० सालमा बाह्र वर्षकी थिएँ, बिहे गरें। म चौध वर्षकी हुँदा छोरी पाएँ। त्यस्तो गाढा प्रेम पनि हैन तर समयले त्यस्तै गरायो, पढ्दापढ्दै म घर छोडेर भागें, आमाबुवाबाट टाढा भएँ। रोजगार गर्न श्रीमान् विदेश गएको नेपाल आउदा महिलासहित आयो। को हो, के हो सोधखोज गर्दा उसले दोस्रो बिहे गरेको पत्तो पाएपछि मलाई कत्रो धोका भयो? बयान गर्न सक्दिनँ !"

बाउआमाको कत्रो सपना थियो? छोरीलाई पढाउने। आफ्नै खुट्टामा उभिन सक्षम ठुलो मान्छे बनाउने। दोस्रो श्रीमान्को पहिलो परिवार छ, छैन? कसरी भेट भयो? "दिज्यू, हामी फेसबुकबाट जुट्यौं। २०७२ सालमा दुई मुटु एक भएपछि म काठमाडौं आएँ। उहाँ (नरेश धिमाल) विदेश (मलेशिया) जानु भएको चार वर्ष भयो। महिना महिनामा पैसा पठाउनु हुन्छ। अहिलेसम्म राम्रो छ, हाम्रो सम्बन्धमा कुनै खोट छैन। मलाई एउटै पीर छोरो पढ्न मान्दैन र धेरै चकचक गर्छ। ऊ आठ वर्षको भइसक्यो, कहिले बुद्धि पलाउला र पढ्नमा लत लाग्ला?"

"खर्च कटाएर बचत गर्ने गरेकी छु। श्रीमानले महिनापिच्छे ५५ हजार पठाउनु हुन्छ। मैले सालमा तीन लाख जस्तो आम्दानी गर्छु। यो वर्ष घडेरी किन्ने योजना भइसकेको छ, चारआना बैना चै भइसक्यो, कात्तिकमा पास गर्नु पर्ने। बनेपा पुग्दा पनि आनाको साढे ६ लाख पऱ्यो। दिज्यू, ऋणबिना जीवन चल्दैन तर घाँटी हेरेर हाड निल्नु पर्छ !"

यहाँ समय यस्तो भइसक्यो, इन्टरनेटबिना मान्छे बाँच्न गाह्रो छ। त्यसो त दीपाको बिहे नै फेसबुकले गरायो। उनी टिकटक चलाउछिन् तर भिडियो हाल्दिनन्। दीपालाई राजनीतिप्रति खासै चासो छैन। काम गरेर खाने मानिसले कामै छोडेर के राजनीति गर्नु? भन्ने धारणा राख्छिन्। फूलखेतीको अलवा चारआनाका चार टुक्रामा धान रोपेकी छन्। खेतमा धानका बाला झुल्न थाले। फूलको सिजन सकिएपछि आलु रोप्ने योजना बताउन दीपाले छुटाइनन्। धान अधिया गर्नु नपर्ने रहेछ, जस-जसको टुक्रा जमिन हो, उहाँहरूलाई तिहारमा फूल दिएपछि भयो। यहाँ गरीखान थुप्रै बाटा छन् तर मानिसमा भित्रि लगाव हुनु पऱ्यो। त्यो लगाव मनदेखि आउनु पनि पऱ्यो। ओहो, त्यो बाँझो जमिन कसरी कुन बुताले खन्नु? अन्न त भागबन्डा गर्नु परेन !

अन्त्यमा दीपाले भनिन्, "बाँझो जमिन जोत्न म ट्याक्टर लगाउँछु। दिज्यु, अहिले कति बज्यो? गफगाफ यस्तै भयो। हुन्छ त दिज्यू, आजलाई फूल पनि टिपें। जतिसक्दो जागर चलाएर धेरै माला उन्नु छ। यस कारण अब हामी छुट्टौं कि? फेरि भेट्ने वाचा गरेर।"

मखमली निर्यातमा दीपाको देन ! अहोरात्र मिहिनेती उनको जीवन सधैं मखमली सयपत्री फूलजस्तै मगमग भएर फक्रियोस्। नेपाली समाजकी नमूना नारी प्रेरणाको स्रोत हुन्, बन्नून्। उनलाई पढेर अल्छे, मानव पनि जुरुक्क कर्मी मौरीझैं हिँड्न थालुन्। आखिर, मान्छे भएपछि बाँच्नु ठुलो सौभाग्य रहेछ। भोटेकोशीले जुन रुप धारण गरेर गयो, जीवनभरि निको नहुने घाउलाई सहनुको विकल्प रहेन।

# विपद्पछिको पुनर्निर्माणमा सरकारसँग सहकार्य गर्न एनआरएनएको प्रस्ताव








गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाल सरकारका विभिन्न सम्बन्धित निकायबीच विपद्पछिको राहत, पुनर्स्थापना, पुनःस्थापना तथा पुनर्निर्माणका क्षेत्रमा सहकार्य गर्ने विषयमा छलफल भएको छ। छलफलमा विपद्बाट प्रभावित परिवार तथा समुदायको दीर्घकालीन पुनर्स्थापना, सुरक्षित पुनर्निर्माण र जीविकोपार्जनका क्षेत्रमा एनआरएनएसँग सहकार्य गर्न सकिने सम्भावित क्षेत्र पहिचान गर्ने विषयमा छलफल भएको हो।

एनआरएनएका तर्फबाट विपद्पछिको पुनर्निर्माणलाई तत्कालीन संरचना निर्माणमा मात्र सीमित नराखी भविष्यमा आउन सक्ने बहुविपद्को जोखिमलाई समेत ध्यानमा राख्दै सुरक्षित, व्यवस्थित र दिगो विकासका कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिइएको थियो। एनआरएनएले हाल राहत तथा मानवीय सहयोगका कार्यक्रमलाई निरन्तरता दिइरहे को जानकारी गराउँदै आगामी पुनर्स्थापना तथा पुनर्निर्माणको चरणमा समेत सरकारसँग सहकार्य गर्दै ठोस कार्ययोजनाका साथ अघि बढ्न आफू तयार रहेको जनाएको छ। विपद् जोखिमको दीर्घकालीन समाधानका लागि राज्यका निकाय, निजी क्षेत्र तथा सम्बन्धित संघसंस्थाबीच समन्वय र सहकार्य आवश्यक रहेको एनआरएनएको धारणा थियो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले एनआरएनए र सरकारका सम्बन्धित निकायबीच समझदारीपत्र (एमओयू) तयार गरी सहकार्य अघि बढाउँदा कार्यक्रम सञ्चालन र स्रोत परिचालनमा थप सहजता हुने बताएका थिए। छलफलमा विशेषगरी बाढीबाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका समुदायको सुरक्षा, पुनर्स्थापना र दीर्घकालीन भविष्य सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो। पुनर्निर्माणलाई भौतिक संरचना निर्माणमा मात्र सीमित नगरी सुरक्षित बस्ती, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य, कनेक्टिभिटी तथा दिगो जीवनयापनलाई समेत समेट्नुपर्नेमा जोड दिइएको थियो।

त्यस्तै, विभिन्न निकाय तथा संघसंस्थाबाट हुने सहयोगमा दोहोरोपन कम गर्दै सरकारको नेतृत्वमा समन्वित, पारदर्शी र एकीकृत प्रणालीमार्फत स्रोत परिचालन गर्ने विषयमा समेत छलफल भएको थियो। वास्तविक आवश्यकता पहिचानका आधारमा सहयोग पुऱ्याउने र पुनर्निर्माणलाई दीर्घकालीन विपद् उत्थानशीलतासँग जोड्ने विषयलाई पनि प्राथमिकता दिइएको थियो।

**सञ्चारमन्त्रीसँग विश्वसनीय सूचना प्रवाहबारे छलफल**

एनआरएनए प्रतिनिधिमण्डलले सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनासँग पनि छलफल गरेको छ। भेटमा विपद्का समयमा प्रमाणित तथा विश्वसनीय सूचना प्रवाह, प्रभावकारी सञ्चार, पारदर्शिता र गलत सूचनाको न्यूनीकरणका विषयमा छलफल भएको थियो। विश्वभर रहेका नेपाली समुदायसँग उपलब्ध ज्ञान, प्रविधि तथा व्यावसायिक विशेषज्ञतालाई नेपालको विपद् पूर्वतयारी, पुनर्स्थापना तथा पुनर्निर्माणमा उपयोग गर्ने सम्भावनाबारे समेत विचार आदानप्रदान भएको थियो। एनआरएनएले सरकारका प्राथमिकता तथा विद्यमान संयन्त्रसँग समन्वय गर्दै विश्वभर फैलिएको नेपाली डायस्पोराको स्रोत, ज्ञान, प्रविधि र विशेषज्ञतालाई नेपालको पुनर्स्थापना तथा पुनर्निर्माणमा प्रभावकारी रूपमा जोड्न प्रतिबद्ध रहेको जनाएको थियो।

**महिला तथा बालबालिकाका क्षेत्रमा लक्षित सहकार्यको प्रस्ताव**

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्री सीता बादीसँगको छलफलमा पनि विपद्बाट प्रभावित परिवार तथा समुदायका लागि एनआरएनएले गर्न सक्ने सहयोग र सहकार्यका सम्भावित क्षेत्रबारे छलफल भएको थियो।

प्रभावित परिवारलाई क्लस्टरगत रूपमा पहिचान गरी उनीहरूको आवश्यकता र अवस्थाका आधारमा लक्षित सहयोगका कार्यक्रम सञ्चालन गर्न सकिने विषयमा छलफल भएको थियो। मन्त्रालयका तर्फबाट एनआरएनएले गर्न सक्ने सहयोगका क्षेत्र स्पष्ट रूपमा प्रस्तुत गर्नसमेत आग्रह गरिएको थियो। विपद्बाट प्रभावित महिला, बालबालिका तथा परिवारका सदस्यको सामाजिक, आर्थिक र मनोसामाजिक अवस्थालाई ध्यानमा राखेर लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइएको थियो।

छलफलमा आगामी प्रथम महिला सम्मेलन तथा महिलाको नागरिकतासम्बन्धी विषयसमेत उठाइएको थियो। नागरिकता प्राप्तिमा देखिएका कानुनी तथा व्यावहारिक कठिनाइका कारण समस्यामा परेका महिलाका विषयमा मन्त्रालयबाट आवश्यक सहजीकरण गर्न सकिने विषयमा पनि छलफल भएको थियो।

मन्त्रालयका तर्फबाट महिला, बालबालिका तथा परिवारसँग सम्बन्धित विषयमा एनआरएनएसँग सहकार्यका लागि उपलब्ध अवसर तथा सम्भावित कार्यक्रमबारे थप छलफल गर्न सकिने बताइएको थियो।

छलफलमा एनआरएनएका उपाध्यक्ष रोजिना प्रधान राई, उपाध्यक्ष मनोज श्रेष्ठ, महिला उपाध्यक्ष राधिका गुरुङ (टिका), महासचिव डा. चिरञ्जीवी खड्का, युरोप उपक्षेत्रीय संयोजक राधा सिग्देल, दोस्रो पुस्ता संयोजक दीपमाला ढकाल, सचिव दीपेश खत्री, फणिन्द्र भट्टराई, धर्मराज गिरी, सीईओ राजेन्द्रकुमार राउत, सरोज दाहाललगायतको उपस्थिति थियो।

# बाढीपीडित बालबालिकाको लागि घले दम्पतिको ५७ करोड ८५ लाख सहयोग

भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको शिक्षा र भविष्य सुनिश्चित गर्न गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष शेष घले र उनकी पत्नी जमुना घलेले झन्डै ५८ करोड रुपैयाँसम्मको दीर्घकालीन सहयोग गर्ने घोषणा गरेका छन् ।

घले दम्पतिले नेतृत्व गरेको एमआईटी ग्रुप फाउन्डेसन र राष्ट्रिय बाल अधिकार परिषद्बीच बाढी प्रभावित बालबालिकाका लागि सहयोग गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा भएको समझदारीमा मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्की अध्यक्ष सीता बादीको समेत उपस्थिति थियो ।

सम्झौताअनुसार फाउन्डेसनले बाढीबाट प्रभावित १८ वर्षमुनिका बालबालिकालाई कक्षा १२ सम्म अध्ययन गर्न सहयोग गर्नेछ । बालबालिकाको अवस्था र आवश्यकताका आधारमा शिक्षा, खाना, आवास, कपडा, स्वास्थ्य उपचारलगायत



आधारभूत आवश्यकताका लागि सहयोग उपलब्ध गराइनेछ । घलेले बाढीको पानी घट्दैमा प्रभावित बालबालिकाको समस्या समाप्त नहुने बताएका छन् । बाढीले कतिपय बालबालिकाको जीवनमा कल्पनै गर्न नसकिने परिवर्तन ल्याएको उल्लेख गर्दै उनले आफू र आफ्नी पत्नी उनीहरू तथा उनीहरूका परिवारले भोगिरहेको अवस्थाबाट प्रभावित भएको बताएका छन् ।

'हामी भाग्यमानी महसुस गर्छौं कि कठिन समयमा मात्रै होइन, आगामी वर्षहरूमा पनि उनीहरूलाई सहयोग गर्न सक्छौं,' घलेले सामाजिक सञ्जालमा लेखेका छन्, 'उनीहरूले आफ्नो शिक्षालाई निरन्तरता दिन सकून्, आधारभूत आवश्यकता पूरा होस् र भविष्यलाई आशाका साथ हेर्न सकून् भन्ने हाम्रो उद्देश्य हो ।'

उनका अनुसार यो सहयोग तत्कालीन राहतमा मात्र सीमित हुने छैन । बालबालिका हुर्कँदै जाँदा उनीहरूको शिक्षा र आधारभूत आवश्यकतामा दीर्घकालीन साथ दिने र बाढीबाट भोगेको कठिनाइले उनीहरूको भविष्यका अवसरमा असर नपरोस् भन्ने उद्देश्य सहयोगको रहेको छ ।

'सबैभन्दा महत्त्वपूर्ण कुरा, उनीहरूलाई आफूहरूलाई बिर्सिएको छैन भन्ने महसुस गराउन चाहन्छौं,' घलेले भनेका छन् ।

संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)का अनुसार रसुवा बाढीबाट प्रभावित करिब १७ हजार बालबालिकालाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग आवश्यक रहेको छ । त्यस्तै, अभिभावक वा संरक्षकविहीन तथा परिवारबाट छुट्टिएका ५०० भन्दा बढी बालबालिका उच्च जोखिममा रहेको र उनीहरूलाई संरक्षण सेवाको आवश्यकता रहेको जनाइएको छ ।



# जनसम्पर्क समिति अष्ट्रेलियाको अध्यक्षमा सितल गिरी निर्वाचित

नेपाली जनसम्पर्क समिति अष्ट्रेलियाको पाँचौँ अधिवेशनले सितल गिरीको अध्यक्षतामा नयाँ केन्द्रीय तथा राज्य समितिको नेतृत्व चयन गरेको छ ।

अष्ट्रेलियाको सिड्नीस्थित रकडेलको एभरेष्ट फङ्सन सेन्टरमा १९ सेप्टेम्बर २०२६ मा सम्पन्न अधिवेशनमा जनसम्पर्क समितिका क्रियाशील तथा जनसम्पर्क सदस्यहरूको सहभागिता थियो ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, महामन्त्री प्रदीप पौडेल, प्रवक्ता देवराज चालिसे र केन्द्रीय सदस्य दिनेश कोइरालाले भर्चुअल माध्यमबाट अधिवेशन सफलताको शुभकामना दिएका थिए ।

अधिवेशनको उदघाटन समितिका संरक्षक तथा पूर्वअध्यक्ष कृष्ण गिरी, अधिवेशन तयारी समितिका संयोजक अभिमन्यु केसीलगायतले गरेका थिए ।

अधिवेशनबाट अध्यक्षमा निर्वाचित गिरी लामो समयदेखि सिड्नीमा बस्दै आएका छन् । उनले यसअघि नेपाली जनसम्पर्क समिति अष्ट्रेलियाको एनएसडब्लु राज्य संयोजकका रूपमा जिम्मेवारी निर्वाह गरिसकेका छन । अष्ट्रेलियामा रहेका नेपाली समुदाय र नेपाली कांग्रेसबीचको सम्बन्धलाई थप मजबुत बनाउन सक्रिय गिरी सर्वसम्मत रूपमा नेतृत्वमा चयन भएका हुन ।

उद्घाटन सत्रमा समितिका सल्लाहकार प्रेम सापकोटा, संरक्षक कृष्ण गिरी, अधिवेशन तयारी समितिका संयोजक अभिमन्यु केसी, सदस्यहरू दुर्गा आचार्य र गणेश केसी, संस्थापक दिनेश जोशी, एनआरएनएका पूर्वअध्यक्ष सुरेन्द्र सिग्देल तथा पत्रकार हेमन्त काफ्लेलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

अधिवेशनका क्रममा चार दिनसम्म रकडेलमा विभिन्न कार्यक्रम तथा भेटघाटको माहोल बनेको थियो । जनसम्पर्क समितिका पूर्वनिर्वाचन संयोजक राजु अधिकारीले अधिवेशनको वातावरणले नेपालमा हुने नेपाली कांग्रेसको अधिवेशनको झल्को दिएको बताए ।

कार्यक्रम समितिका उपाध्यक्ष राजेश केसीको अध्यक्षतामा भएको थियो भने महामन्त्रीद्वय समित केसी र रोहित खड्काले कार्यक्रम सञ्चालन गरेका थिए । अधिवेशनले नेपाली कांग्रेसको आगामी १५औँ महाधिवेशनका लागि १४ जना महाधिवेशन प्रतिनिधिसमेत चयन गरेको छ ।

अधिवेशनले उपाध्यक्षमा रोहित खडका र समिर खतिवडा, महामन्त्रिमा दिनेश बज्जारा र सुबिन राज वाग्ले तथा सहमहामन्त्रिमा बिशाल पोखरेल र बिशाल बाबु वाग्ले चयन गरेको छ भने सदस्यहरूमा समित केसी, दिनेश अधिकारी, दीपक डल्लाकोटी, बामदेव पौडेल, दीपक कँडेल, राजेश टण्डन, प्रेम निरौला (सुभाष), प्रेम प्रकाश धामी, अरुणचन्द्र श्रेष्ठ, बिकाश कुमार झा, नेत्र विक्रम ओली, चन्द्र तिवारी, विनोद उप्रेती, तारा डाँगी, गणेश तिवारी, रोशन घिमिरे, सुरज बस्नेत, रोहित कार्की, भजुमान तामाङ, अनुपम ढुंगाना, सनम गुरुङ, महेश जंग कुँवर, भीम बस्नेत, नवीन ओली, कुबेरजंग शाही, सन्तोष भट्ट, वीर बहादुर जोरा, जोन श्रेष्ठ, संगी शेर्पा, अनिता पौडेल, अनुपचन्द्र सुवेदी, सुरज जंग बस्नेत, सोनु ढकाल, निर्मल अर्याल, सुजन खड्का, सोभित प्रधान, एकराज बस्नेत, नरेश रावल, रमेश खड्का र अशोक लामा चयन भएका छन् ।

# भोटेकोशी बाढीपीडितलाई अमेरिका-नेपाल सहयोगी समाजको १ करोड ४२ लाख सहयोग

अमेरिकाको भर्जिनियामा सक्रिय अमेरिका-नेपाल सहयोगी समाज (एएनएचएस)ले नेपालमा हालै आएको रसुवा-भोटेकोशी बाढीपहिरोबाट प्रभावित समुदायको राहत तथा पुनर्स्थापनाका लागि संकलन गरेको ९२,९६४ अमेरिकी डलर (अनुमानित १ करोड ४२ लाख नेपाली रुपैयाँ) नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । संयुक्त राष्ट्रसंघको ८१ औँ महासभामा सहभागी हुन न्यूयोर्क आएका परराष्ट्रमन्त्री शिशिर खनालसँग भर्जिनियाबाट न्यूयोर्क पुगेर समाजका प्रतिनिधिहरूले उक्त सहयोग रकमको चेक हस्तान्तरण गरेका हुन् । रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा जम्मा गरिनेछ ।

हस्तान्तरण गरिएको चेक ग्रहण गर्ने क्रममा परराष्ट्रमन्त्री खनालले संस्थालाई धन्यवाद दिदै यसरी प्राप्त भएको रकमलाई सहि ढंगले सदुपयोग गरिने विश्वास व्यक्त गरे । साथै, उनले एएनएचएसका प्रतिनिधिहरूले दिएको सुझाव र विदेशमा बस्ने नेपालीहरूका समग्र समस्याहरूको समाधानका लागि नेपाल सरकार सकारात्मक रहेको धारणा समेत व्यक्त गरे ।

कार्यक्रममा अमेरिका नेपाल सहयोगी समाजका अध्यक्ष कामना पन्थीले एएनएचएसको संक्षिप्त परिचय तथा गरिरहेका कामको बारेमा जानकारी गराएकी थिइन् । त्यस्तै, बोर्ड अफ ट्रष्टिजका अध्यक्ष केदारप्रसाद तिम्सिना, राहत संकलन समितिका संयोजक मधुसुदन पन्थी, संस्थाका पूर्वअध्यक्ष पदमराज रेग्मी र पूर्वअध्यक्ष कमला खरेलले प्रवासमा बसोबास गर्ने नेपालीहरूका समस्या तथा समाधानको लागि नेपाल सरकारले तत्काल गर्नसक्ने उपायको बारेमा सुझाव समेत दिएका थिए । नेपालका लागि अमेरिकाका कार्यवाहक राजदूत शरदराज आरणको समन्वयमा कार्यक्रमको संयोजन न्यूयोर्कस्थित महावाणिज्यदूत दधिराम भण्डारीले गरेका थिए भने उपवाणिज्यदूत बलराम पाण्डेले व्यवस्थापकीय सहयोग गरेका थिए ।

सन् २००८ मा अमेरिकाको डिसी मेट्रो एरियाअन्तर्गत भर्जिनिया राज्यको मनाससमा स्थापना भएको नेपालीहरूको साझा संस्था अमेरिका नेपाल सहयोगी समाज विधिवत रुपमा अमेरिकाको कानुन ५०१ (सी) ३ प्रावधान अनुसार स्थापना गरिएको गैरनाफामूलक संस्था हो ।

स्थापना कालदेखि नै विभिन्न सामाजिक एवं रचनात्मक कामको माध्यमबाट यो संस्था अमेरिकाभर स्थापित तथा नेतृत्वदायी संस्थाको रुपमा परिचित हुँदै आएको छ ।

# वेस्टर्न युनियनको 'यो दशैँ म छु सँगै' अभियान

## ५ लाख सम्मको बम्पर पुरस्कार जित्ने अवसर




वेस्टर्न युनियनले दशैँ, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै 'यो दशैँ म छु सँगै' नामक नयाँ ग्राहक योजना सार्वजनिक गरेको छ।

वैदेशिक रोजगारी तथा अध्ययनका क्रममा परिवारबाट टाढा रहेका नेपालीलाई लक्षित गर्दै कम्पनीले उक्त अभियान ल्याएको जनाएको छ। अभियान अक्टोबर २ देखि नोभेम्बर २७, २०२६ अर्थात् असोज १६ देखि मंसिर ११ गतेसम्म ८ हप्तासम्म सञ्चालन हुनेछ।

अभियानअन्तर्गत प्रत्येक साता लक्की ड्रमार्फत ७ जना विजेता छनोट गरिनेछ। विजेताले जनही १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। त्यस्तै, अभियानको अन्त्यमा एक जना भाग्यशाली विजेताले ५ लाख रुपैयाँको ग्रान्ड बम्पर पुरस्कार प्राप्त गर्ने कम्पनीले जनाएको छ।

अभियानमा सहभागी हुन ग्राहकले छुट्टै फारम भर्नुपर्ने छैन। अभियान अवधिमा गरिएको प्रत्येक कारोबारसँगै ग्राहक स्वतः लक्की ड्रमा सहभागी हुने व्यवस्था गरिएको छ।

नेपालभरका वेस्टर्न युनियनका प्रमुख एजेन्टहरू एटिटी रेमिट, सीजी फिन्को, हुलास रेमिट्यान्स, नबिल बैंक र सूर्य रेमिटमार्फत यो अभियान सञ्चालन हुने कम्पनीले जनाएको छ।

वेस्टर्न युनियनले नेपालको पहिलो रेमिट्यान्स सेवा प्रदायकका रुपमा विगत २ ९ वर्षभन्दा बढी समयदेखि रेमिट्यान्स सेवा दिँदै आएको छ। कम्पनीले २०० भन्दा बढी देश तथा क्षेत्रबाट नेपालमा रकम स्थानान्तरण सेवा उपलब्ध गराउँदै आएको जनाएको छ।


शुभकामना

HAPPY दसैं

नव वर्ष २०८३ को पावन अवसरमा वैदेशिक रोजगार व्यवसायी तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा हार्दिक मंगलमय शुभकामना ।



हरि डाँगी

महासचिव
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

प्रबन्ध निर्देशक
ब्लु ओसियन रिक्रुटमेन्ट प्रा.लि.




# एनआरएनए उपाध्यक्ष न्यौपाने समूहको जल्दीगाड जलविद्युत् आयोजना अघि बढ्यो

## जल्दीगाडमा ४ अर्ब ६० करोड लगानी सुनिश्चित

गैरआवासीय नेपाली संघ (एनआरएनए) आईसीसीका उपाध्यक्ष खगेन्द्र न्यौपाने नेतृत्वको प्रवर्द्धक समूहले रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा निर्माण गर्न लागेको २२.५० मेगावाट क्षमताको जल्दीगाड जलविद्युत् आयोजनाका लागि ४ अर्ब ६० करोड रुपैयाँको लगानी सुनिश्चित गरेको छ।

राष्ट्रिय वाणिज्य बैंकको नेतृत्वमा नेपाल बैंक र नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) ले संयुक्त रूपमा ३ अर्ब ३६ करोड रुपैयाँ ऋण लगानी गर्ने सम्झौता गरेसँगै आयोजना निर्माणको महत्वपूर्ण चरणमा प्रवेश गरेको हो। बाँकी १ अर्ब २३ करोड ७१ लाख रुपैयाँ प्रवर्द्धकहरूको इक्विटी लगानी रहनेछ। जल्दीगाड नदीमा निर्माण हुने आयोजनाको निर्माण अवधि ३३ महिना तोकिएको छ भने यसको प्रवर्द्धक कम्पनी सांग्रिला हाइड्रोपावर प्रा.लि रहेको छ।

सांग्रिला हाइड्रोपावरका अध्यक्ष तथा एनआरएनए आईसीसीका उपाध्यक्ष खगेन्द्र न्यौपानेले वित्तीय व्यवस्थापन सम्पन्न हुनु आयोजना निर्माणका लागि महत्वपूर्ण उपलब्धि भएको बताए। बैंकहरूसँगको सम्झौताले आयोजनाका लागि आवश्यक लगानीको ठूलो हिस्सा सुनिश्चित भएकाले अब निर्माणमा थप उत्साह र ऊर्जा थपिएको उनको भनाइ छ। न्यौपानेले जलविद्युत् क्षेत्रलाई नेपालको आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा अघि बढाउनुपर्ने बताए। नेपालको जलस्रोतलाई उत्पादनमा रूपान्तरण गर्दै ऊर्जा उत्पादन बढाउनुका साथै स्थानीय स्तरमा रोजगारी, पूर्वाधार र आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यसहित आयोजना अघि बढाइएको बताए।

"वित्तीय व्यवस्थापन सम्पन्न भएसँगै आयोजनालाई निर्धारित लक्ष्यअनुसार अघि बढाउने आधार तयार भएको छ। यसअघि पनि हाम्रो समूहले आयोजना निर्धारित समयभन्दा अगावै सम्पन्न गरेको अनुभव छ। जल्दीगाडलाई पनि तोकिएको समयमै सम्पन्न गरी विद्युत् उत्पादनमा ल्याउन कुनै कसर बाँकी राखिने छैन," न्यौपानेले बताए।

आयोजनाका लागि आवश्यक जग्गा खरिदलगायत अधिकांश पूर्वतयारीका काम सम्पन्न भइसकेकाले अब मुख्य निर्माणमा केन्द्रित हुने सांग्रिला हाइड्रोपावरका प्रबन्ध निर्देशक कृष्णप्रसाद घिमिरेले बताए। उनका अनुसार वित्तीय स्रोत सुनिश्चित भइसकेकाले निर्माण कार्यलाई योजनाबद्ध र तीव्र गतिमा अघि बढाइनेछ। घिमिरेले आयोजना निर्माणमा समय र लागत व्यवस्थापनलाई प्राथमिकतामा राखिने बताए।

"वित्तीय व्यवस्थापन टुंगिएपछि आयोजना निर्माणका लागि आवश्यक स्रोत सुनिश्चित भएको छ। पूर्वतयारीका अधिकांश काम पूरा भएकाले अब निर्माण कार्यलाई तीव्रता दिने चरणमा पुगेका छौं। निर्धारित समयभित्र गुणस्तरीय रूपमा आयोजना सम्पन्न गर्ने हाम्रो मुख्य लक्ष्य हो," घिमिरेले बताए।

जल्दीगाड आयोजना प्रवर्द्धन गर्ने समूहले यसअघि गोरखामा ४.५५ मेगावाट क्षमताको विकास हाइड्रोपावर आयोजना निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ। उक्त आयोजना निर्धारित समयभन्दा करिब ६ महिनाअघि नै सम्पन्न भएको थियो। विकास हाइड्रोपावर कम्पनी सार्वजनिक शेयर निष्कासन गरी शेयर बजारमा समेत सूचीकृत भइसकेको छ।

यही समूहले गोरखामै ४.६ मेगावाट क्षमताको बूढीगण्डकी हाइड्रोपावर आयोजनासमेत निर्माण गरिरहेको छ। कम्पनीका अनुसार उक्त आयोजनालाई आगामी ६ महिनाभित्र विद्युत् उत्पादनमा ल्याउने तयारी भइरहेको छ।

जल्दीगाड आयोजनाको वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौतामा सांग्रिला हाइड्रोपावरका अध्यक्ष खगेन्द्र न्यौपाने र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गरेका छन्। सम्झौता कार्यक्रममा नेपाल बैंक तथा नेपाल इन्फ्रास्ट्रक्चर बैंकका प्रतिनिधिहरूको समेत उपस्थिति थियो।

एनआरएनए नेतृत्वमा रहेका न्यौपानेसहितको प्रवर्द्धक समूहले जलविद्युत् क्षेत्रमा लगानी विस्तार गर्दै लैजानुलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन गर्ने प्रयासका रूपमा समेत हेरिएको छ। विदेशमा रहेका नेपालीको पुँजी, सीप र अनुभवलाई स्वदेशको जलविद्युत् विकासमा जोड्न सके मुलुकको आर्थिक विकासमा थप योगदान पुग्ने न्यौपानेको धारणा छ।

# इसेवा र सिटिजन्स बैंकको सहकार्यमा 'स्वावलम्बन कर्जा' सुरु

इसेवा र सिटिजन्स बैंक इन्टरनेसनलको सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित डिजिटल कर्जा सुविधा 'स्वावलम्बन कर्जा' सुरु गरिएको छ। काठमाडौंस्थित भिभान्तामा आयोजित एक कार्यक्रमबीच सुरु गरिएको यस सुविधाले कर्जा लिन आवश्यक लामो प्रक्रिया, कागजी काम तथा भौतिक उपस्थितिलाई सहज बनाउने उद्देश्य राखेको छ।

कार्यक्रममा इसेवा, सिटिजन्स बैंक इन्टरनेसनल, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, विकास साझेदार संस्था, अपाङ्गता भएका व्यक्ति तथा सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति थियो।

'स्वावलम्बन कर्जा'मार्फत योग्य अपाङ्गता भएका व्यक्तिहरूले इसेवा एपबाटै कर्जाका लागि आवेदन दिन सक्नेछन्। यस सुविधाअन्तर्गत १० हजार रुपैयाँदेखि २ लाख रुपैयाँसम्म कर्जा लिन सकिनेछ। कर्जाको ब्याजदर वार्षिक ९.९९ प्रतिशत र प्रशोधन शुल्क ०.७५ प्रतिशत रहेको छ। योग्य प्रयोगकर्ताले इसेवा एपको गृहपृष्ठमा रहेको 'स्वावलम्बन कर्जा' ब्यानरमा क्लिक गरी आवेदन प्रक्रिया पूरा गर्न सक्नेछन्।

कर्जाका लागि प्रयोगकर्ताको केवाईसी प्रमाणित भएको इसेवा खाता, नेपाल सरकारबाट जारी अपाङ्गता परिचयपत्र, कम्तिमा ६ महिनादेखि इसेवा प्रयोग गर्दै आएको तथा तलब वा व्यवसायबाट नियमित आम्दानी भएको हुनुपर्नेछ।



कार्यक्रममा बोल्दै इसेवाका प्रमुख कार्यकारी अधिकृत जगदीश खड्काले 'स्वावलम्बन कर्जा'मार्फत डिजिटल प्रविधिको प्रयोग गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि कर्जामा पहुँचलाई सरल र सहज बनाउन खोजिएको बताए। "यसले उहाँहरूलाई वित्तीय सेवामा थप सहज रूपमा सहभागी हुन सहयोग पुग्ने विश्वास लिएका छौं। स्वावलम्बन कर्जा एउटा उत्पादन मात्र नभएर एउटा अवधारणाको सुरुवात हो। कुनै पनि व्यक्तिको वित्तीय पहुँच उसको शारीरिक अवस्थाका कारण सीमित हुनु हुँदैन" खड्काले भने।

त्यस्तै, सिटिजन्स बैंक इन्टरनेसनलका प्रमुख सञ्चालन अधिकृत रोशन मानन्धरले अपाङ्गता भएका व्यक्तिहरूको औपचारिक कर्जामा पहुँच विस्तार गर्न इसेवासँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताए।

उनले भने, "अपाङ्गता भएका व्यक्तिहरूलाई औपचारिक कर्जामा पहुँच विस्तार गर्न इसेवासँग सहकार्य गर्न पाउँदा हामी खुसी छौं। स्वावलम्बन कर्जाले उहाँहरूको व्यक्तिगत तथा आर्थिक आवश्यकतालाई सहयोग गर्ने वित्तीय समाधान उपलब्ध गराउने अपेक्षा गरेका छौं। हामीले केही फरक र नयाँ गरौं भन्ने सोचिरहेका थियौं। इसेवाले ल्याएको यो अभियानमा सहकार्य गर्न पाउँदा अत्यन्तै गौरव लागेको छ। यसले एक प्रकारको इकोसिस्टम नै सिर्जना गरोस् भन्ने मेरो चाहना छ।"

कार्यक्रममा 'स्वावलम्बन कर्जा' सुविधाबारे जानकारी, प्रत्यक्ष कर्जा वितरण, एक सहभागीको अनुभव तथा यस पहलसम्बन्धी वृत्तचित्र समेत प्रस्तुत गरिएको थियो।

# क्लासिक टेकको दशैं अफर

इन्टरनेट सेवा प्रदायक कम्पनी क्लासिक टेकले दशैंको अवसरमा विशेष अफर सार्वजनिक गरेको छ। यस अफरअन्तर्गत ग्राहकहरूले २०० एमबीपीएस इन्टरनेट को ३ महिनाको शुल्क रु. ५,७००/- मा ७ महिनासम्म इन्टरनेट सेवा प्रयोग गर्न सक्नेछन्।

यस अफरमा ग्राहकहरूले ४ महिनाको इन्टरनेट बोनस, वाइफाइ सिक्स राउटर तथा निःशुल्क जडानको सुविधा प्राप्त गर्नेछन्।

दशैंको अवसरमा ग्राहकलाई थप बचतसँगै उच्च गतिको भरपर्दो इन्टरनेट सेवा उपलब्ध गराउने उद्देश्यले यो अफर सार्वजनिक  गरेको क्लासिक टेकले जनाएको छ।

यस्तै यसअघि क्लासिक टेकले साना तथा मझौला व्यवसाय तथा स्टार्टअपलाई लक्षित गर्दै 'एसएमई प्रो म्याक्स' इन्टरनेट प्याकेज सार्वजनिक गरेको छ।

कम्पनीका अनुसार, पाँच वर्षभित्र स्थापना भएका स्टार्टअपहरूले यस प्याकेजअन्तर्गत १ जिबिपिएस इन्टरनेट स्पिड, १ टिबी डाटा र पब्लिक आईपी सेवामा ४० प्रतिशतसम्म विशेष छुट पाउनेछन्। प्याकेजमा ग्राहकले वाई फाई सिक्स राउटर निःशुल्क प्राप्त गर्नुका साथै फ्री सर्वे, इन्स्टलेसन र सेटअप सेवा पनि पाउने कम्पनीले जनाएको छ।

नयाँ तथा विस्तारको चरणमा रहेका व्यवसायलाई भरपर्दो, उच्च गतिको र किफायती नेटवर्क समाधान उपलब्ध गराउने उद्देश्यले प्याकेज ल्याइएको क्लासिक टेकको भनाइ छ।

# नेपाली होटल व्यवसायी संघको अध्यक्षमा लामा निर्वाचित

नेपाली होटल व्यवसायी संघको अध्यक्षमा सामदेन लामा (दीपक) निर्वाचित भएका छन् । संघको २४औँ वार्षिक साधारण सभा तथा १४औँ अधिवेशनबाट आगामी दुई वर्षको कार्यकालका लागि सामदेन लामाको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

संघको नवनिर्वाचित कार्यसमितिको महासचिवमा ईन्द्र प्रसाद ढकाल, सचिवमा प्रकाश शर्मा, कोषाध्यक्षमा बिमल चौहान लगायत रहेका छन् । नवनिर्वाचित अध्यक्ष लामाले आगामी दिनमा संघ र व्यवसायीहरूको हकहितको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा थप सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अधिवेशन निवर्तमान अध्यक्ष गणेश ढकालको सभापतित्वमा सम्पन्न भएको हो । संघमा दुई कार्यकाल नेतृत्व गरेका ढकालले यस अवधिमा संघ तथा होटल व्यवसायीहरूको हितमा योगदान गर्ने



अवसर प्रदान गर्ने सबैलाई आभार प्रकट गर्दै र नयाँ कार्यसमितिलाई बधाई दिदै भने 'अध्यक्षको जिम्मेवारीबाट औपचारिक रूपमा बिदा भए पनि संघ र होटल व्यवसायीहरूको हितमा मेरो साथ, सहयोग र प्रतिबद्धता निरन्तर रहनेछ ।'

नेपाली होटल व्यवसायी संघ २०५७ साल पौष २८ गते विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरी व्यवसायीहरूको हक हितका साथै सामाजिक सेवामा समर्पित संस्था हो । हाल संघमा काठमाडौँ गोंगबु क्षेत्रका ५०० भन्दा बढी होटल व्यवसायीहरू सदस्य रहेका छन् ।

# हिमालयन बैंक र स्मार्ट च्वाइस टेक्नोलोजीजबीच सम्झौता

हिमालयन बैंक लिमिटेड र स्मार्ट च्वाइस टेक्नोलोजीज लिमिटेड (एससीटी) बीच अन्तर बैंक रकमान्तर सेवा सञ्चालन तथा सहकार्य सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौतासँगै हिमालयन बैंक एससीटीको 'स्मार्टपे नेटवर्क'मा आबद्ध भई 'स्मार्टपे आईबिएफटी'मार्फत अन्तरबैंक रकम स्थानान्तरण सेवा सञ्चालन गर्नेछ । यस सेवाले बैंकका ग्राहकहरूलाई विभिन्न बैंक तथा वित्तीय संस्थाहरूका अन्य खाताबीच सहज, सुरक्षित र प्रभावकारी रूपमा रकम आदान प्रदान गर्न थप सुविधा प्रदान गर्ने अपेक्षा गरिएको छ ।

एससीटीद्वारा विकास तथा सञ्चालन गरिएको 'स्मार्टपे आईबिएफटी' रकम स्थानान्तरण सम्बन्धी सेवा हो, जसले सहभागी बैंक तथा वित्तीय संस्था, वालेट तथा रेमिट्यान्स कम्पनीहरूबीच डिजिटल




माध्यमबाट रकम स्थानान्तरणलाई सहजीकरण गर्दै आएको छ । यस सेवाले विभिन्न क्षेत्र बीच अन्तरआबद्धता कायम गर्दै नेपालको डिजिटल भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउन तथा वित्तीय पहुँचको अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालकको अनुमति प्राप्त स्मार्ट च्वाइस टेक्नोलोजीज नेपालकै पहिलो डोमेस्टिक कार्डको सुरुवात गर्ने संस्था हो । यस संस्थाले हाल विभिन्न बैंक तथा वित्तीय संस्था, वालेट कम्पनी, रेमिट्यान्स कम्पनी, सहकारी संस्था लगायतका संस्थाहरू संलग्न समावेशी नेटवर्क मार्फत एससिटी युनियनपे कार्ड, भिसा कार्ड, मास्टरकार्ड, नेपालपे कार्ड, डिस्कभर तथा रूपे कार्ड जारी तथा स्वीकार गर्ने नेटवर्क, एटिएम, पोइन्ट अफ सेल, इन्टरनेट तथा मोबाइल बैंकिङ प्लेटफर्म, स्मार्टक्यूआर सेवा तथा रकमान्तर सेवा मार्फत आफ्नो सेवा प्रवाह गर्दै आइरहेको छ ।

# चितवनको 'रोयल टुलिप'ले पायो पाँचतारे डिलक्सको मान्यता



चितवनको सौराहास्थित लक्जरी रिसोर्ट रोयल टुलिप चितवनले पाँचतारे डिलक्सको मान्यता प्राप्त गरेको छ। पर्यटन विभागले स्थलगत निरीक्षण गरेपछि रिसोर्टलाई उक्त मान्यता प्रदान गरेको हो। रिसोर्ट केटीएम हस्पिटालिटी लिमिटेडद्वारा सञ्चालित छ।

विभागका निर्देशकसहितको चार सदस्यीय टोली रिसोर्टको भौतिक पूर्वाधार, सेवा सुविधा, सुरक्षा व्यवस्था, अतिथि सेवा र सञ्चालन प्रणालीको विस्तृत निरीक्षण गरेको थियो। निरीक्षणका क्रममा तोकिएका मापदण्ड पूरा गरेको पाइएपछि विभागले रिसोर्टलाई पाँचतारे डिलक्सको मान्यता दिएको हो।

उपलब्ध भएसम्मका स्थानीय निर्माण सामग्रीहरू जस्तै काठ-फर्निचर, ढुंगा टायल र ढुंगाले छाएको छाना, जुटबाट निर्मित गलैंचा, स्थानीय आर्टिस्टले काठमा गरेको पेन्टिङ, स्थानीय सामाग्रीले बनेको सजावटका सामानहरू आदिको प्रयोग गरिएको उक्त रिसोर्टमा नेपालीपन झल्काउने थुप्रै कुराहरू समेटिएका छन्।

राप्ती नदी नजिकै जनकौली र कुमरोज सामुदायिक वन नजिकै ४.१२ एकड क्षेत्रफलमा फैलिएको रोयल टुलिप चितवनमा ६५ वटा आधुनिक कोठा छन्। रिसोर्टमा रेस्टुरेन्ट, स्विमिङ पुल, जिम, हेल्थ क्लब र हेलिप्याडलगायत रिभोल्भिंग रेस्टुरेन्ट समेतका सुविधा छन्। त्यसका साथै नेपालमै पहिलोपटक 'तनावीबार' र मध्यरात मनोरञ्जनका लागि छुट्टै 'स्पोर्ट्सबार' समेत सञ्चालन भइरहेको छ।

यसको सञ्चालन अन्तर्राष्ट्रिय होटल समूह लुभ्र होटल्स् ग्रुपअन्तर्गतको रोयल टुलिप ब्रान्डसँगको व्यवस्थापकीय सम्झौता अनुसार भइरहेको छ। कम्पनीले सन् २०२५ जुलाईदेखि रिसोर्टको सफ्ट ओपनिङ सुरु गरी डिसेम्बर मध्यदेखि पूर्णरूपमा सञ्चालनमा ल्याएको थियो।

यसैबीच, केटीएम हस्पिटालिटी लिमिटेडले सर्वसाधारणका लागि साधारण सेयर (आईपीओ) निष्कासन गर्ने प्रक्रिया पनि अगाडि बढाएको छ। कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यका १५ लाख ५० हजार कित्ता (कुल १५ करोड ५० लाख रुपैयाँ बराबर)को साधारण सेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिएको छ।

आईपीओ निष्कासनका लागि गरिएको क्रेडिट रेटिङमा केयर रेटिङ नेपालले कम्पनीलाई 'डबल बी माइनस' रेटिङ प्रदान गरेको छ। रिसोर्टको कुल परियोजना लागत करिब १ अर्ब ७० करोड ५ लाख रुपैयाँ रहेको र आईपीओपछि ऋण-स्वपूँजी अनुपात ६१.५ : ३८.५ कायम हुने प्रक्षेपण गरिएको छ। रेटिङ प्रतिवेदनले अन्तर्राष्ट्रिय ब्रान्ड आबद्धता र अनुभवी प्रवर्द्धक समूहलाई कम्पनीको सबल पक्षका रूपमा औंल्याएको छ।

केटीएम हस्पिटालिटी २०८१ असार २५ गते प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको थियो। कम्पनीको नेतृत्व केटीएम ग्रुप होल्डिङ्सका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत रामेश्वर शाहले गरिरहेका छन्।

चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको सौराहा नेपालको प्रमुख वन्यजन्तु पर्यटन गन्तव्य हो। रोयल टुलिप चितवनको स्तरकिरणले चितवनलाई उच्चस्तरीय अन्तर्राष्ट्रिय पर्यटन बजारसँग थप जोड्ने र क्षेत्रको पर्यटन उद्योगमा सकारात्मक सन्देश दिने पर्यटन व्यवसायीहरूको अपेक्षा छ।



# एनसेल र नाटोबीच साझेदारी

## पर्यटकहरूको दूरसञ्चार सेवामा पहुँच सहज हुने

एनसेलले नेपाल भ्रमणमा आएका अन्तर्राष्ट्रिय पर्यटकहरूको दूरसञ्चार सेवामा पहुँच सहज र सरल बनाउने उद्देश्यले नेपाल एसोसिएसन अफ ट्राभल अपरेटर्स (नाटो)सँग साझेदारी गरेको छ।

बोर्डमा आयोजित एक कार्यक्रमबीच एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ता र नाटोका अध्यक्ष विश्वेश श्रेष्ठले यस सहकार्यको समझदारी पत्रमा हस्ताक्षर गरेका छन्।

यो सहकार्यले विभिन्न देशबाट नेपाल भ्रमणमा आएका पर्यटकहरूलाई आफ्नो यात्राभर आ-आफ्नो देशमा रहेका परिवार सदस्य र साथीभाइलगायत सबैसँग सम्पर्कमा रहन सहज बनाउने लक्ष्य राखेको छ।

साझेदारीअन्तर्गत एनसेलले पर्यटकहरूलाई भरपर्दो मोबाइल कनेक्टिभिटी उपलब्ध गराउनेछ भने नाटोले देशभर फैलिएको आफ्ना ट्राभल अपरेटरहरूको सञ्जालमार्फत पर्यटकहरूमाझ एनसेलका सेवा सुविधाका बारेमा जानकारी र सूचना उपलब्ध गराउने छ। कार्यक्रमलाई सम्बोधन गर्दै दत्ताले भने, "देशभर फैलिएको एनसेलको व्यापक नेटवर्क र पर्यटन क्षेत्रमा नाटोको विविधतायुक्त पहुँचलाई उपयोग गर्दै यो साझेदारीले नेपाल आउने पर्यटकहरूको यात्रा अनुभव अविश्मरणीय बनाउने विश्वास लिएका छौं। यति मात्र होइन, यो साझेदारीले 'नेपाल कलिङ' अभियानलाई प्रवर्द्धन गर्न र नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न पनि महत्वपूर्ण भूमिका खेल्नेछ।"




"पर्यटनको मर्म भनेकै एक अर्कासँग जोडिनु हो। मानिसहरूलाई मानिसहरूसँग जोड्नु, संस्कृति अनि अनुभवहरूलाई जोड्नु हो। नेपाल आउने हरेक यात्रुलाई आफ्नो यात्राभर सबैसँग सम्पर्कमा रहिरहन मद्दत गर्न एनसेलसँगको यो अर्थपूर्ण सहकार्यले हामी उत्साहित छौं," नाटोका अध्यक्ष श्रेष्ठले भने।

दूरसञ्चार सेवामात्र नभएर, एनसेलले आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत एनसेल फाउन्डेसनमार्फत नाटोलाई प्रमुख राजमार्गहरूमा आधुनिक वाश (सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता) पूर्वाधार स्थापना गर्न सहयोग गर्नेछ। यसको सुरुवात धादिङ जिल्लाको गजुरीबाट पाइलट परियोजनाका रूपमा हुनेछ।

यस पहलले यी मार्गहरूमा यात्रा गर्ने पर्यटक र स्थानीय समुदायलगायत सबैको सुविधाको बढ्दो आवश्यकतालाई सम्बोधन गर्दछ र साथै दुवै संस्थाको नेपालमा दिगो तथा जिम्मेवार पर्यटन विकासप्रति साझा प्रतिबद्धता रहेको देखाउँछ।

HAPPY दसैं

सुरक्षित र भरपर्दो वैदेशिक
रोजगारीका लागि हामीलाई सम्झनुहोस ।




SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# जमरे टोपी

**दशैँको टीका लगाउँदा दयावीरले काका सम्झियो । अझ काकाले दिएको टोपीमा जमरा सिउरेर काकालाई झनै सम्झियो । देश छोड्ने बित्तिकै रीतिथिति नभुल्नु- उनले भनेको याद गरिरह्यो उसले ।**



युवराज नयाँघरे

उनको नामै बले काका ।

काका विनाको मलेसियामा दशैँ यही हुने भयो ।

'यो पेनाङ, पेराईमा बीस वर्ष अगाडि मुस्किलले पाँच जना नेपाली भेटिन्थे । कोही त थिएनन् । सबैतिर घुम्दै-घुम्दै यो ठाउँ पुग्दा मै पनि चालिसे भइसकेको थिएँ ।'

काकाले प्रायः भन्ने कुरा यही थियो ।

नेपालका जुनै चाडबाड आउँदा पनि काकाले नै सबैलाई भेला पार्थे । रमाइलो गरी चाड मनाउन लगाउँथे ।

'हेर, काम गर्न त आइएको हो तर आफ्नो चाडबाड नि भुल्नु हुन्न ।'

काकाले सधैँ यसो भनेको आज दयावीरलाई याद आइरहेको छ ।

बले काका- सबैका मुखमा यही नाम थियो । साना, ठूला जुनै उमेरकाले पनि काका नै भन्थे ।

बलबहादुर छेत्री- खास उनको नाम । तर कसैले पनि उनलाई अरु नाम वा परिचयबाट चिनाएनन् । सबैका ओठमा एउटै नाम भयो- बले काका ।

दयावीरलाई उनी केही न केही सामान ल्याइदिन्थे ।

'तँ साऱ्है लम्फू छस् । आफ्नो ख्याल गरेस् ।'

काकाले उसलाई सम्झाउँथे ।

तीन वर्ष अघि दुबैलाई नेपाल जान मिलेन । काकाले दशैँको दिनमा छुट्टी मिलाएछन् । कताबाट हो एउटा सिङ्गै खसीको सपेटो बोकेर ल्याएछन् ।

'घर छोड्ने बितिक्कै सबै कुरा बिर्सिनु हुँदैन ।'

'परदेशमा झन् धेरै चाडबाड मान्नुपर्छ । रीतिथिति पनि मानिरहे बाँच्छ, नत्र मरिहाल्छ नि ।'

'मार्ने कि बचाउने- यो हाम्रै हातमा छ । बुझ्यौ केटा हो ।'

काकाले सधैँ भन्ने कुरा यही हुन्थ्यो ।

तीन वर्ष अघिको तिहारमा सबैलाई भेला पारी देउसी खेलाएथे काकाले ।

बिहानदेखि उनी भान्सामा थिए । सेल, मासु पकाएर सबैलाई खुवाएथे ।

बले काकाको घरमा को-को थिए?

यसबारेमा कसैलाई थाहा भएन । उनले पनि खुलेर कसैलाई भनेनन् ।

कुरा उठे, उनी भन्थे- 'सबैको परिवार हुन्छ । परिवार विना पनि मान्छे हुन्छ र?'

त्यसपछि कसैले पनि सोध्दैनथे ।

पोहोर सालको दशैँ झन् गजब भएथ्यो ।

बले काकाले चिउरा ल्याएर केलाएर राखेथे । उनी बेला-बेला सबैलाई भन्थे- 'परिवार पो यहाँ छैन त । अरु सबै कुरा यतै मनाए भइहाल्यो नि ।'

टीकाको दिन त सबै भेला भइहाल्थे । अगाडिका तीन-चार दिन पनि मीठा-मीठा परिकार पकाएर खुवाए ।

'तिमीहरू त अब मेरा परिवारका सदस्य भइसक्यौ ।'

काकाले टीका लगाएर सबैलाई ५-५ रिङ्गेट दिएथे । उनीसँग टिको थाप्ने वल्लो, पल्लो र अलिक कुइनेटाको अपार्टमेन्टदेखि आएका थिए ।

'पैसो लिने हैन, संस्कार जोगाउन सिक्ने हो ।'

काकाले यसो भनेको दयावीर कहिल्यै बिर्सदैन ।

एक-एक कोसो केरा हातमा दिएर आशीर्वाद दिँदै भनेथे उनले- 'परदेशमा छौ, परिवार नबिर्सनु । अहिले धेरैले घर छोडेपछि सबै कुरा बिर्सन्छन् । यो गर्दै नगर्नु ।'

'जुन दिन परिवार भुलिन्छ- आफ्नो पनि नास हुने बाटो बढेर जान्छ ।'

काकाले सबैलाई आशीर्वाद दिँदै भनेथे ।

दयावीरलाई यो कुराले साऱ्है मन छोएको थियो ।

'ए केटा हो- यसो एक, दुई हात त खेल्नुपर्ने ।'

काका आफैंले तास बाँड्थे ।

अनि ५-६ जना साथीभाइ मिलेर चली फलास खेल्थे । यो खेलुन्जेलमा सबै जोसिन्थे । उनी हरेक चोटिको खेलबाट केही रकम उठाउँथे र पछि सबैलाई बाँडिदिन्थे ।

'यो बाटो खर्च ।'

सबै मुसुमुसु हाँस्थे र हात परेको पाँच रिङगिटलाई खल्तीमा राख्थे ।

'यो घरको म मुली हुँ । कसैले सबै गुमाएको महसुस नगरोस् । घरपुगे पछि त सबै मिल्दै गइहाल्छ नि ।'

'मेरो आशीर्वाद पनि यसै भित्र छ । तिमेरुलाई यो रिङगिट खर्च गर्नु अघि केही न केही सोच्न बाध्य तुल्याउँछ । मलाई भुले पनि यो टोपीले याद गराउँछ तिमी तन्नेरीलाई ।'

काकाले यसै भनेको ऊ सम्झिरहन्छ अहिले पनि ।

'परदेश भनेर के गर्नु- आफ्नो रीतिथिति धान्नै पर्छ । यो जोगाउन सके आफैंलाई फाइदा हुन्छ । धर्म हुन्छ ।'

काकाले भनेको दयावीर सम्झिरहन्छ ।

सोह्र सराद्ध लागेपछि काका आफ्नो कोठा सरसफाइ गर्थे । सबै कपडा धोइ-धाई गर्थे । कोठाको एउटा कुनामा तामा र पित्तलका स-साना लोटा राखेका हुन्थे । त्यसको पानी सँधै फेर्थे ।

'सोह्रसराद्धमा पितृहरूले आशा गर्छन् । त्यै भएर यो पानी फेरेर राखिदियो भने- उनीहरू आफ्नो भोजन पाएको सम्झेर खुशी हुन्छन् ।'

दयावीरले सुनेको थियो कसैबाट ।

दशैं लाग्नुभन्दा २-३ मैना अगाडिदेखि नै काकाले रमाइलो गर्दै भन्थे- 'लु है गतिलो मासु कता पाउँछ खोज्नु पऱ्यो केटा हो?'

'मेरो त एक रात काम गरे पुग्छ । तिमीहरू धेरै ब्यस्त छौ । बिहान तीन घन्टा सुतेपछि मेरो त आँखाको बिख मरिहाल्छ ।'

'राम्रो मासु ल्याइदेओ, म मज्जाले फुर्सद लिएर पकाउँछु । लु है केटा हो अबेर नगर है ।'

काकाले यसो भनेपछि एउटै अपार्टमेन्टमा बस्ने केटाहरू तातिहाल्थे । मार्केट गएर छानी-छानी मासु बोकेर आउँथे ।

'मसला अलिक कडा खालको ल्याउनु है ।'

'जाइफल अझै थप्नु नि । जति धेरै मसला भयो- उति छिटो गल्छ पक्कु मासु ।'

दयावीर काकाको यो कुरा नि सम्झिरहन्छ ।

'अनि तपाईं त उत्ति साह्रो मासु खानु हुन्न त काका?'

उसले एकदिन सोध्यो ।

'अरुलाई खुवाउँदै अघाइसक्नु हुन्छ कि क्या हो?'

काकातिर हेर्दै उसले सोधेको थियो ।

'चाडबाड सबैको हो । मन लागेको शरीरले पचाउने र रुचि लागेको खाने कुरा खाने गर्नुपर्छ । अझ मन मारेर खान्न भन्नु गल्ती हो । मेरो शरीरले मासु माग्दैन । फलफूल माग्छ ।'

'तर अरुले रुचाउने कुरा खाने वा खुवाउने व्यवस्था मिलाउनु पनि त धर्मै हो नि केटा हो ।'

बले काकाले भनेको कुरा दयावीरका मनमा खेलिरहेथे । काकाले कति मन छुने गरी भनेका रहेछन् ।

यो वर्ष काका छैनन् ।

उनी अलिक छिट्टै गाउँ गएथे । सधैं त उनी रमाइलो गर्थे, गराउँथे ।

तर आज भने उनका सम्झना धेरैलाई भइरहेको छ ।

काका भदौको सुरुमै नेपालतिर लागेथे ।

तर आजसम्म उनको अत्तोपत्तो छैन । धेरैका लागि उनको अनुपस्थितिले दशैं खल्लो भइरहेको छ ।

'मलेसियाबाट हिँडेदेखि नै उनको फेसबुक चलेको छैन त साथी हो ।'

राजबहादुर खरेलले सुनाए ।

उनले जाने बेलामा भनेका कुरा सम्झिए हरिबहादुरले ।

'यो दशैंमा म मस्तले गाउँ घुम्छु । पाँच-सात वर्ष फेरि नजाने गरी डुलेर फर्किन्छु । आजसम्म गाउँठाउँ धक फुकाएर मैले घुम्नै पाएको छैन । यो घुमेर आएपछि मलाई बल्ल ढुक्क हुन्छ ।'

'मैले आफैंले रोपेका बोटबिरुवा हुर्केर फुल्न, फल्न थालिसके । आफूले चैं राम्रोसँग तिनको छायाँसम्म हेर्न पाएको छैन । केटा हो, तिमेरु पनि गाउँ गएर आफ्नो माटो, वनजंगल, खेतीपातीसँग रमाउनु है ।'

बले काकाले अलिक अघि भनेका थिए ।

'हेर केटा हो, यो पालि त म गाउँ गएर बारीको माटो मज्जाले दलेर घाममा बस्छु । माटो पनि उपचार हो । अनि गाउँकै डल्ले साबुनले नुहाउँछु । तिमेरु पनि फुर्सदमा यसो गर्नु है ।'

बले काकाले भनेको दयावीरले आज बिहानैदेखि सम्झिरहेको छ ।

राति एउटा खबर आयो- 'कानको ठूलो सुनको गहना हेरेर चिनियो रे । त्यो ठूलो सुनको कुण्डल त काकाको रहेछ । काका दुइगे बजारमा अघिल्लो दिन बास बस्न पुगेछन् । त्रिशुलीको भेलले भोलिपल्ट उनलाई बगाएको हुनुपर्छ ।'

रमेशलाल जिरेलले खबर सुनाए ।

दशैंको टीका लगाउँदा दयावीरले काका सम्झिएो । अझ काकाले दिएको टोपीमा जमरा सिउरेर काकालाई झनै सम्झियो ।

देश छोड्ने बित्तिकै रीतिथिति नभुल्नु- उनले भनेको याद गरिरह्यो उसले ।

धेरै काकाहरू यो पटक भेलमा परेका पो छन् कि? सोच्ने कसले !




# मनमै बाढी पसेपछि

**तमाम नेपालीलाई दशैँ तिहारकै शुभकामना आफन्त ठूला बडा र चेलीबेटीको आशीष लागोस् आइन्दा यस्तो बिपत्ती कसैलाई कहिल्यै नपरोस्। संसारका सबै मानिसलाई शुभकामना नेपालीले झैँ दुःख कसैले भोग्नुनपरोस्।**



शम्भु सुस्केरा

थुप्रै दशैँ मबाट टाढा भए। थुप्रै दशैँमा म छुटैं।

धेरै दशैँ परिवारसँग मनाउन नपाएर छुटे, केही दशैँ मनाउनै नमिलेर छुटे। अलि काँचो उमेरमा परिवारसँग टाढा हुँदा रोएर पनि दशैँ बिते। अलि परिपक्व भएपछि र बानी पर्दै गएपछि खिन्नतामा मात्र पनि दशैँ बिते।

दशैँ र तिहार नै पालो गरीगरी पनि छुटे कहिले एकसाथ पनि छुटे।

सायद सबैका अनुभव यस्तैयस्तै नै हुन्छन् होला। व्यक्तिको जस्तो दशैँ अनुभव राष्ट्रको पनि हुनेगर्छ।

मैले थाहा पाएकामध्ये माओवादी संघर्षकालका दशैँ वा चाडपर्वहरू मृत्यु र रगतको झझल्कोमा बिते। २०७२ साल वैसाखमा आएको भूकम्पको दशैँ देशका लागि बिरानो भइसके पनि आफन्त गुमाएकाहरूका लागि आलो शोकमा बिते।

कोभिडका केही दशैँहरू धेरैका लागि उस्तै तिता अनुभवहरूमा बिते। हरेक व्यक्तिका कुनै न कुनै दशैँ व्यक्तिगत शोकमा बितेका छन्।

कहिले पहिरोको शोकमा, कहिले बाढीको शोकमा, कहिले भूकम्पको शोकमा, कहिले अन्तर्राष्ट्रिय समूदायको लडाइमा परेका र मरेका नेपालीको शोकमा, कहिले सडक र हवाइ दूर्घटनाको दुःखमा धेरै पर्वहरू टर्रा, अमिला र पिरा सबै भए।

ती भन्दा झन कष्टकर भयो अहिले भोटेकोशीको दुःख।

साउन १३ गते काठमाडौँ आउँदा केही दिनका लागि आमासँग विदा मागेर आएको थिएँ। २३ गते अचानक आमाले विदा नै नमागी सधैँका लागि छाडेर जानुभयो।

आमाको १३ दिने काम सकेर भदौ ९ गते नै काठमाडौँ फर्कैं। १० गते देशले बिपद भेल्यो। मेरो भन्दा अथाह बोझीलो पीडा धेरै नेपालीले भेले।

मेरो सबैभन्दा नजिकको आफन्त। सबैभन्दा बढी माया गर्ने मन। सबैभन्दा बढी झगडा गर्ने र सबैभन्दा बढी मिल्ने, एकअर्काको छाया नभइ नहुने मान्छे गुमाएको पीडा गौण बन्यो। भोटेकोशीले मलाई आफ्नो पीडामा धेरै रुन दिएन। तिनका दुःखले अनायसै शान्त्वना छरे।

मेरो छोरो सुशानदेव ढकाल स्कुलबाट घर फर्किँदा बाटैदेखि ममी पुकार्दै आउँछ। कहिल्यै बाबा भनेर बोलाउँदैन। छैन तेरी ममी, यहाँ छ त तेरो बाउ भनेर जवाफ दिन्छु। तर मेरो कुरालाई वास्तै नगरी प्रश्न गर्छ ममी कता जानुभयो बाबा?

बाबाको योगदान जति सुकै बढी भएको होस् तर आमाको दूधको ममताले बाबाभन्दा धेरै माथि लगिदिन्छ सामिप्यमा। हरक्षण आमा नै खोज्छ सन्तानले।

२२ वर्षको उमेरसम्म आमाको काख र साथमा बित्यो। त्यसपछि २२ वर्ष घरबाट टाढा भइयो। जति टाढा भइयो उति गाढा हुन्थ्यो माया तर नजिक रहने बानी टर्दै गएथ्यो क्यार चाडपर्वमा बाहेक आमाको नजिक नहुँदा खास दुःख लाग्न छाडेको रहेछ।

२०७९ सालको आम निर्वाचनदेखि जब निरन्तर झापा बसैं कहिले आमाको नजिक, कहिले आमाकै घरमा बसैं। अनि उही मेरै छोरो झैँ सानो मनको भएँछु म जतिबेलै आमा खोजिरहने।

जहाँ गए पनि जता गए पनि फर्केर आमाको छेउ नआइ चित्त नबुझ्ने हुन थालेछ। अझ दिनभर व्यस्त रहेर खाजा खान पाइएन भने आमाको बढी सम्झना आउने र आमाकै घर जाऔं लाग्ने। खाएर आएको छु भन्दा पनि नपत्याउने। केही न केही खान दिने आमा। आफूले खाएका जुठा थाल माझ्न खोज्दा हातै समातेर माझ्न नदिने आफैँ माझ्ने आमाका लागि पनि म सधैँ सानो।

यत्ति याद मलाई प्रसस्ती छ सम्झेर रुनका लागि। अनि तुलना गर्छु भोटेकोशीको बाढी र क्षणक्षणमा आएका दुःखद समाचारहरू।

एकैघरका सबै बगायो
सानो नानी बचेछ अरु सबै गए।
बूढी आमा बाँचिछन् अरु सबै बेपत्ता।

उद्धार गर्ने बित्तिकै सानो नानीले आमा खोजेर रोइरहेको छ, आमा भेटिएकी छैनन्।

बगरमा पुरिएका शव कागले खाइरहेको छ।
शवको घाँटीबाट सिक्री थुतेर लगे।

मर्नेहरूको काज किरिया गर्ने पनि कोही बचेनन्। अनि सान्त्वना दिन्छु आफैँलाई मैले त आमाका चीसा हातहरू समाएर रोएँ। आमाको

निधारमा टाउको राखेर बिलौँला गरेँ । तर हजारौँ मानिसले आफन्तको लाससम्म भेटेनन् । कतिले कुशको कृत्रिम शव बनाएर अनौठो अनुभवको पीडामा रोए । न मृतकको हात मसाएर रुन पाए न गोडामा शिर राखेर डाँको छोड्न पाए ।

अझ नमिठो त कुशको शव बनाएर दाहसंस्कार गरे । काज किरिया गरे । तर मनमा लागिरन्छ कुनै दिन मेरो छोरो आइपुनेछ । मेरो बुवा आइपुनुहुनेछ । मेरी प्यारी छोरी आमा भन्दै ढोकामा देखा पर्नेछ । मृगतृष्णा बनेर आशा बाँचिरहनेछ ।

फलानो कार्यक्रममा जान्छु भन्थिस् त किन नगएको छिटो जा । आज त गोल खेल्न जाने भन्थिस् त छिटो काम सकेर जा । यसरी सधै सामाजिक, सांस्कृतिक गतिविधिमा पठाएरै मलाई आजको शम्भु सुस्केरा बनाउने शक्ति मेरी आमा जसले विदा लिने कुनै संकेत नै नदिइ बिरामी परेर उपचार गर्न नै नपाई छाडेर गएको पीडा बनेर मेरो मनभरी साउन २३ मै भोटकोशीको पहिरो गएको थियो ।

तर त्यसलाई भदौ १० को पहिरोले ओझेल पारिदियो । एक्लै आमा सम्झेर रोएँ भने झट्ट भदौ १० को शोक आएर रोकीदिन्छ र भन्छ चुप ! तँ प्राकृतिक शोकमा छस्, उनीहरू अप्राकृतिक पीडामा छन् ।

नचाहेरै शान्त हुन्थेँ । भोटेकोशीले हजारौँ मानिसलाई डाँको छाडेर रुन लगायो पीडाको भारी दिएर । मलाई रुन नदिएर शोकको बोझ थपिरहेको छ ।

मानिस आफूले चाहेर वा नचाहेर रुने रहेछ र? समय, घटना र सम्झनाले कतिबेला रुवाउँछ थाहै नहुने ।

साँझको समय संसद बैठक सकेर फर्किँदै थिएँ । बसका सबै सिट भरिएका थिए । धेरै यात्रुहरू सिट नपाएर उभिएका थिए । म पनि केही बेर उभिएर बल्ल बस्न पाएको थिएँ । एकनासले झ्यालबाट बाहिर हेरिरहे को थिएँ । गाडि कालो पुलनेर आइपुगेको थियो । गोजिको मोबाइल बज्यो । आमाको फोन आयो होला । निमेषभरमै सोच्यो मनले । गोजिमा हात हाल्नैलाग्दा ख्याल भयो आमाको फोन आउँदैन नि अब । अनि पो अशान्त भयो मन । भित्रैबाट डाँको छाडेर रुन मन लाग्यो । आँखाबाट बरर आँसु झरे । पुछौँ भने अरुले देख्छन्, नपुछौँ भने पनि आँसु बगेको देख्छन् । नपुछी सुखै थिएन । पुछिरहँै झरिरहयो ।

केहीबेर पछि आफैँ रोकियो ।

जतिबेला घरमा कान्छी बुहारी चन्द्रासँग फोनमा कुरा गर्छु आमालाई फोन देउ त भन्न खोज्छ मन । अनि त्यही मनले झट्ट याद दिलाउँछ तेरी आमा कहाँ छिन् र अब । आमा छैनन् भनेर किन बिसाँउछ र आमा छैनन् भनेर तत्काल किन सम्झाउँछ यो मन?

यस्ता झझल्को सम्झना र बिर्सनाहरू बर्खे च्याउझैँ उम्रिरहँदा रहेछन् ।

संसारको नियममा कति बिलौना जस्तो, मलाई नभएर तँलाई मात्र भएजस्तो, घरिघरि आमा आमा भनिरहने बालक जस्तो, धेरै मानिसलाई यस्तो लाग्नसक्छ । त्यो अस्वाभाविक पनि होइन ।

तर स्वाभाविक के पनि हो भने सन्तान आफैँलाई पनि म ठूलो हुँ जस्तो नलाग्ने, आमालाई पनि आफ्ना सन्तान उमेरले जति नै पाको भए पनि सानै लाग्ने ।

आमा मात्र नभएर उनी मेरो धेरै कुरा मिल्ने साथी पनि हुन् जस्तो लाग्छ ।

अरुको पोल लगाउने साथी आमा । कहिँ कसैको कुनै कुरा वा काम चित्त बुझेन भने पोल लगाउने । आफ्नै श्रीमतीसँग चित्त बुझेन भने पनि पोल लगाउन मिल्ने साथी आमा । मैले लगाएको लुगा कस्तो लाग्यो? मलाई कस्तो कपडाले सुहाउँछ? आफूलाई जाँच्ने ऐना, यस्तो साथी अरु कोहोला र?

त्यो साथी । त्यो आफन्त । त्यो जन्मदाता । त्यो न्यानो मायाको साथ । त्यो दूधको गुन गुमेको दर्शैं मेरो । र भोटेकोशी दुखेको दर्शैं देशको पनि र मेरो पनि ।

कुनै जिल्ला खाली नहोस् दुख्नलाई । कुनै गाउँ खाली नहोस् रुनलाई ।

ती गाउँहरू जो रसुवा र नुवाकोटका हुन् खोला किनार, जसका मर्दाका मलामी र बाँच्दाका जन्ति गुमे । त्यो गाउँ जसको रोइदिने आफन्त र छिमेकी कोही रहेनन् । सायद ती पो भाग्यमानी हुन् की ।

ती भाग्यमानीको भग्नावशेष भूमि जो शोकाकुल छ कसैले नदेख्ने गरी कसैले महसुश नगर्ने गरी जसले आफूमाथी स्पर्ष गरिरहेका एकजना मानिस पनि जिवित देख्न पाएन ।

त्यो धरतीलाई एकमुष्ट शुभकामना अब कहिल्यै यस्तो चोट नपरोस् ।

तमाम नेपालीलाई दर्शैं तिहारकै शुभकामना आफन्त ठूला बडा र चेलीबेटीको आशीष लागोस् आइन्दा यस्तो बिपत्ती कसैलाई कहिल्यै नपरोस् । संसारका सबै मानिसलाई शुभकामना नेपालीले झैँ दुःख कसैले भोग्नुनपरोस् । अझ हरित ग्यास उत्सर्जनबाट विश्व प्रकृति र मानव बिरुद्ध धावा बोलिरहेकाछन् उनीहरूलाई पनि शुभकामना ।

आफ्नै खुट्टामा बन्चरो नलागोस्, आजै बन्चरो उझ्याउने काम बन्द होस् । हार्दिक शुभकामना !



# मेस्सीको भावुक बिदाइ

अर्जेन्टिनाका फुटबल स्टार लियोनल मेस्सीले बेनिनविरुद्धको मैत्रीपूर्ण खेलसँगै अन्तर्राष्ट्रिय फुटबलबाट बिदाइ लिएका छन्। ब्युनस आयर्सस्थित एस्टाडियो मास मोनुमेन्टलमा भएको खेल मेस्सीको अन्तर्राष्ट्रिय करियरको अन्तिम खेल हो।


खेलमा मेसीले एक गोल र दुई असिस्ट गर्दै अर्जेन्टिनालाई बेनिनमाथि ३-० को सहज जित दिलाए। अर्जेन्टिनाका लागि यो मेसीको २०८औं अन्तर्राष्ट्रिय खेल थियो। उक्त जितसँगै उनको भावुक विदाइ पनि गरिएको छ। ३९ वर्षीय मेसीले ब्युनस आयर्सस्थित मोनुमेन्टल स्टेडियममा ८५ हजारभन्दा बढी दर्शकबीच आफ्नो २० वर्ष लामो अन्तर्राष्ट्रिय करियरको अन्तिम खेल खेलेका हुन्।

अर्जेन्टिनाका लागि सर्वाधिक खेल खेलेका मेस्सीले राष्ट्रिय टोलीबाट २०७ खेलमा १२५ गोल गरेका छन्। उनले ६८ गोलमा सहयोगसमेत गरेका छन्। उनले खेलको १० औं मिनेटमा आफ्नो प्रसिद्ध १० नम्बरको जर्सीको सम्मानमा भएको एक मिनेटको तालीपछि मैदानमा भावुक क्षण बिताए। सन् २०२२ मा अर्जेन्टिनालाई विश्वकप उपाधि दिलाउने टोलीका सदस्य र उनीहरूका परिवारसमेत खेल हेर्न उपस्थित भएका थिए।

अर्जेन्टिनाको फुटबल इतिहासमा सबैभन्दा बढी उपलब्धि हासिल गर्ने खेलाडीमध्येका मेस्सीले सन् २००८ को बेइजिङ ओलम्पिकमा स्वर्ण पदक जितेका थिए। उनले सन् २०२१ र २०२४ मा कोपा अमेरिका तथा सन् २०२२ मा फिफा विश्वकप र फिनालिसिमा उपाधि पनि जितेका थिए।

सन् २०२६ को विश्वकप फाइनलमा स्पेनसँग पराजित भएपछि अर्जेन्टिनाको राष्ट्रिय टोलीबाट बिदाइ लिन लागेका मेस्सीले अगस्ट ३१ मा अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यासको घोषणा गरेका थिए।


फिफा विश्व वरीयतामा अर्जेन्टिना दोस्रो स्थानमा छ भने बेनिन ८९औं स्थानमा छ। बेनिनको प्रशिक्षकमा सन् २०१८ को विश्वकपमा नाइजेरियाको नेतृत्व गरेका गेर्नोट रोहर छन्। मेस्सीको बिदाइ खेललाई अर्जेन्टिनाका समर्थकले उनको दुई दशकभन्दा लामो अन्तर्राष्ट्रिय करियरको उत्सवका रूपमा लिएका छन्।



# गायिकाको दशैं

**नेपालीहरूको महान पर्व बडा दशैं नजिकिएको छ। असत्य माथि सत्यको विजयको प्रतीकको रुपमा मनाइने दशैंको रौनकता र उत्साह बढेको छ। टाढा टाढा जानेहरूले टिकट बुक गरिसकेका छन्, नयाँ पैसा साट्नेको भीड उत्तिकै छ। विद्यालयहरू बन्द भइसकेका छन्। गाउँबाट अध्ययन तथा कामको लागी शहर पसेकाहरूको घर जाने लर्को लागेको छ। हिन्दू मात्रको महान चाड दशैं जसको आफ्नै समाजिक, राजनैतिक र आर्थिक र साँस्कृतिक महत्व बोकेको छ। दशैं सामाजिक रूपमा एक आपसमा सद्भाव, माया, आदर बढाउने पर्व पनि हो। सधैं विभिन्न स्टुडियोमा गीत रेकर्ड गर्नमा व्यस्त गायिकाहरू पनि दशैंको अवसरमा फुर्सद लिने र रमाइलो गर्ने योजना बनाएका छन्। कसरी मनाउँदै छन् त गायिकाले दशैं ?**

● हरिराम पौडेल


बबिना भट्टराई

यो वर्ष अलि धेरै व्यस्तताको कारणले दशैंको खासै योजना त बनाएको छैन यहि व्यस्तताको कारणले विगतका दशैंमा जस्तै यो दशैंमा मातारानीको भजन समेत ल्याउन नसकेकोमा अलि खल्लो पनि लागि रहेको छ। समग्रमा दशैंको मुख्य मर्म भनेको त पारिवारिक भेटघाट, रातो अक्षता, जमरा भएकोले काठमाडौको व्यस्त दैनिकीबाट केहि समय फुर्सद लिई म पनि मोरङमा रहनु भएका परिवारजन संग रमाइलो भेटघाट, टीका र आर्शिबाद लिएर दशैं मनाउने योजनामा छु। मेरो लागी दशैंको रौनकता भनेको नवरात्रीका नौ दिन पनि हुन्। यी नौ दिन मातारानीको उपासना तथा विगतका वर्षहरूमा जस्तै यो नवरात्रीमा पनि दुर्गा भवानीको पूजा, आराधना गरेर विताउनेछु।

घरमा माता दुर्गा भवानीको पूजाआजा गर्न पाउने, आँफू भन्दा अग्रजबाट टीका, जमरा लगाएर आशिर्वाद थाप्न पाउने, लामो समय सम्म भेट नभएका आफन्तजन, साथीभाई संगको रमाइलो भेटघाट हुने, शहरिया जीवन या भनौ व्यस्त जिन्दगीबाट केही दिन भए पनि आफ्नो गाउँघरमा रमाउन पाउने, साना साना भाईबहिनीहरू संग लिङ्गे पिङ्ग खेल्दै रमाउन पाउने भएकोले दशैं मलाई विशेष लाग्छ। दशैं हर्ष, उल्लास र उमंग लिएर आउने चाड हो तर यो वर्ष भोटेकोशी बाढीले गर्दा धेरैको घरमा दुःख र पीडा बोकेर आएको छ भने हाम्रो देशमा धेरै दुःखी, गरिव नागरिकहरू हुनुहुन्छ, वहाँहरूको घरमा दशै दुःख बनेर आउने गरेको पनि मैले देखेकी छु त्यो सबैभन्दा पिडादायी लाग्छ, जे जस्तो परिस्थिति भए पनि सबैले आफ्नो क्षमता अनुसार रमाइलो गरेर दशैं मनाऊ भन्ने पनि मेरो अनुरोध रहेको छ। मेरा श्रद्धेय दर्शक, श्रोता तथा शुभचिन्तक ज्यूहरूमा दशैंको मंगलमय शुभकामना।


सारिका घिमिरे

यो वर्षको दशैंको खासै योजना छैन, भर्खरै भोटेकोशीको बाढीले गर्दा धेरै धनजनको क्षति भएको छ, त्यसैले पनि दशैंको धेरै उत्साह र रौनक छैन र पनि हरेक वर्ष झैं यो दशैमा पनि आँफू भन्दा ठुलाबडाको हातबाट टीका लगाउने, वहाँहरूको आर्शिवाद लिने गरि एकदम साधारण तरिकाले दशै मनाउदैछु यो पाली। हाम्रो आफ्नो मौलिक परम्पराको संरक्षण, मान्यजनहरूबाट टीका थाप्ने, वर्ष भरि छुट्टिएका आफ्ना परिवार संगै जम्मा भएर टिका लगाउने, खुसी साट्ने क्षण नै दशैंका राम्रा र रमाइला पक्ष हुन्। चाडवाड सबैको लागि समान भएकोले समान तरिकाले दशैं मनाउ भन्दै मेरो समस्त शुभचिन्तकहरूमा दशैंको शुभकामना व्यक्त गर्दछु।

---

सङ्गीतमय माहोलबाट केही समय विश्राम लिएर आफ्ना सृजनाहरूलाई थप ऊर्जावान बनाउने र आन्तरिक शान्ति प्राप्त गर्ने अवसरको रूपमा मैले यो दशैंलाई लिएकी छु। हाम्रा मौलिक सांस्कृतिक परम्पराहरूलाई आत्मसात् गर्दै परिवारका सदस्यहरूका साथमा निकै सादगी र हर्षोल्लासका साथ म यो दशैं मनाउँदैछु। यस वर्षका केही नयाँ साङ्गीतिक प्रोजेक्टहरूलाई एकाग्र भएर सोच्ने र प्रिय श्रोताहरूका लागि आगामी दिनमा अझ राम्रा सिर्जनाहरू दिने तयारीमा छु। एक कलाकारको रूपमा मलाई लाग्छ कि दशैंले नेपाली समाजलाई एउटा सुन्दर साङ्गीतिक लय जस्तै एक सूत्रमा बाँध्छः, यसैले हामी सबैलाई आफ्ना जरो र माटोको सुगन्धसँग पुनः जोड्ने काम गर्छ।

पारिवारिक सद्भाव, आपसी प्रेम र स्नेहलाई अझ प्रगाढ बनाउन यो पर्व एक महान अवसर हो। सांस्कृतिक पर्वहरू आफैंमा पवित्र र आनन्ददायी हुन्छन् तर पछिल्लो समय यसमा देखिने अनावश्यक तडकभडक र देखासिकीले भने कहिलेकाही संवेदनशील कलाकारको मनलाई अलि छुन्छ। चाडपर्वलाई शान्त, सरल र यसको मौलिक सादगीमा मनाउन सक्यौं भने यसको पवित्रता अझ बढ्छ भन्ने मलाई लाग्छ, सबैमा दशैंको शुभकामना।


गीता पाण्डे


शितल पाण्डे

यसपालीको दशैं म गुल्मी स्थित आफ्नै घरमा गएर परिवारसँगै मनाउने योजनामा छु भने सोहि अवसरमा पर्यटकीय तथा धार्मिक महत्व रहेको रेसुङा धाम तथा आसपासका अन्य धार्मिक तथा पर्यटकीय स्थानमा घुम्न जाने पनि योजना बनाएकी छु। गत वर्ष जेन.जी. को रगत देखेर दशैंमा पनि रातो टीका लगाइन, रातो टीका र जेन.जी को रगत ले मन अस्थीर छ, टीका नलगाउदा बुवा, आमाको चित्त दुख्छ कि ? यो पाली पनि के गरौ कै दोधारमा रहेकी छु। दशैको रौनकता र विशेषता भनेकै टाढा, टाढा भएका आफ्नन्तहरू भेटघाट हुने, सुख, दुःख बाँड्ने, राम्रा र नयाँ लुगा लगाउने हो, सबैले यसरी नै दशैं मनाउनु हुनेछ भन्ने विश्वास लिएकी छु, दशैंका सबै सन्दर्भ राम्रो लाग्छ मलाई, बली प्रथाको बारेमा मेरो आफ्नै धारणा छ, धेरैले बली प्रथा राम्रो होइन भन्नु हुन्छ र मैरे गाउँमा तम्घास्थान मन्दिर छ जहाँ त्यो गाउँबाट विवाह भएर जाने नारीहरूले बली दिनै पर्ने प्रथा छ, यदि बली दिइएन भने उनीहरूको घरबार विग्रने, मान्छे बहुलाउने तथा मृत्यु समेत हुने गरेका घटना घटेका छन्, यसैले बली ठीक या गलत ? को म जवाफ दिन सक्दिन। देवीको शक्ति हुन्छ भन्ने हाम्रो विश्वास हो, दशैं अन्याय माथी न्यायको विजयको रुपमा मानिन्छ, कोहि कसै माथी कहि कतैबाट अन्याय नहोस्, सबैको दशैं शुभ होस् भन्ने कामना गर्दछु।


ऋतु कँडेल

दशैं मलाइ एकदम मन पर्ने चाड हो। जब दशैं सुरु हुन्छ मौसममा पनि परीवर्तन हुन सुरु गर्छ, रमाइलो वातावरण, न जाडो न गर्मीको ठिक्कको मौसम ज्यादै रमाइलो हुन्छ्। दशैंका रमाइला र राम्रा पक्ष हरू धेरै छन् जस्तै दशैंको सुरुवात भए पछि खेतमा धानमा बालाहरू झुल्न थान्छन्, आकाशमा रङ्गिविरङ्गी चंगाहरू उड्न सुरु हुन्छ, देविका मठमन्दिरहरूमा सङ्ख, घन्टा गुन्जनुको साथै मालश्रीका धुनहरू बज्न थाल्छन् त्यो पनि एक्दम रमाइलो पक्ष हो। यस्तै पिङ खेल्दाको रमाइलो, रातो टीका, जमरा, आफु भन्दा ठुलाबडा मान्यजनको आशिर्वाद लिदाको क्षण, पारिवारिक भेटघाट नै दशैंका मुख्य रमाइलो र राम्रा पक्ष हुन्। वली प्रथा भने मलाई मन नपर्ने पक्ष हो। देबिको नाममा बली चढाउने प्रथा मलाइ पटक्कै मन पर्दैन। आमाले सन्तान को रक्षा गर्न पालन र सम्हार गर्छिन् कसैलाइ मारेर रगत पिउँदिनन्, बलीप्रथाको अन्त्य हुनु पर्छ।

---


बुनु श्रेष्ठ

दशैंको नजिक आउदा पनि यो पाली खासै रमाइलो अनुभव भएको छैन। बाढीपहिरोको कारणले देशमा संकट छाएको छ तर पनि दशैं हाम्रो साँस्कृतिक पर्व हो, हाम्रो कला, संस्कृति जोगाउने जिम्मा पनि हाम्रै भएकोले सधैं झै यो पाली पनि शक्तिपिठहरूको पूजाआजा र दर्शन गर्ने, आफन्त र ठुलावडाको आर्शिवाद लिदै दशैं मनाउने योजनामा छु। दशैंमा सबै दुःखहरूलाई विर्सिएर आफन्त र साथीभाई भेटघाट गर्ने, रमाइलो गर्ने, आर्शिवाद लिने दशैंका सकारात्मक पक्ष हुन् तर देखासिकी गरि अनावश्यक खर्च गर्ने अनि मासु खाने निहुँमा ठुलो पशुवलि गर्ने चाहि मलाई मन नपर्ने पक्ष हुन्, दशैंको आवगमनको यो सुखद् घडीमा सबैले आफ्नो क्षमता अनुसार एउटा उत्सवको रुपमा मनाउनु हुन अनुरोध गर्दै सबैमा वडा दशैंको हार्दिक शुभकामना व्यक्त गर्दछु।


सोफिया थापा

दशैंले जीवनलाई लयवद्ध, संगीतवद्ध गराई हाम्रो मान्यजन मार्फत आयु द्रोणसुते, श्रीयम् दशरथे...भन्दै अशिर्वादका मन्त्र मार्फत जीवनलाई सधैं सकारत्मक तथा बिजयी उत्सब भाव मा अगाडि लैजाउ भन्ने उर्जा प्रदान गर्छ जस्तो लाग्छ मलाई। मालश्री धुन अनि दशैंले मलाई संगीत सृजना तथा आध्यात्मिक चिन्तनका लागि सधैं प्रेरित गर्छ। वर्षभरी थाँती राखिएका सांगितिक काम, साहित्यिक सपनालाई मूर्त रूप दिने समय दशैं हो मेरो लागि। मैले आँफै लयवद्ध गरेका केही गीतहरू दशैं कै छुट्टीमा पुरा गर्दैछु र साहित्यमा पढ्न मन लागेका केही कृतिहरू पनि यसैबेला पढ्ने छु। दशैं को बिदा मेरो लागि आफ्नो परिवार बाबा, आमा आफन्त सँग बसेर मीठो मीठो पकाउने, शाकाहारी खाना खाने ,साथीसंङी भेट्ने, आफ्ना स्कुलका गुरुहरू भेटेर बिताउने दशैंको योजना रहेको छ। वातावरण नै मनमोहक हुने फूलहरू फुल्ने यो दशैंका अत्यन्त राम्रा पक्ष विच बजारमा अत्यावश्यक बस्तुको कृतिम अभाव नहोस्, दशैं मनाउन आफ्नो घर जानेहरू दुर्घटनामा परेको खवर सुन्न नपरोस्, सबैको दशैं रमाइलो होस् भन्ने कामना पनि व्यक्त गर्दछु।

# ‘द एभरेस्ट ड्रीम’ ले शिम्लामा जित्यो स्पेशल जुरी अवार्ड




नेपाली डकुमेन्ट्री फिल्म ‘द एभरेस्ट ड्रीम’ ले भारतको शिम्लामा आयोजित १२औँ अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल अफ शिम्लामा स्पेशल जुरी सर्ट डकुमेन्ट्री अवार्ड जितेको छ।

निर्देशक तथा संचारकर्मी गणेश पाण्डेले निर्देशन तथा निर्माण गरेको फिल्मले विश्वभरका अन्तर्राष्ट्रिय वृत्तचित्रबीच प्रतिस्पर्धा गर्दै यो अवार्ड हात पारेको हो।

शिम्लामा आयोजित अवार्ड समारोहमा हिमाचल प्रदेशका गभर्नर कविन्दर गुप्ता र फेस्टिभल निर्देशक पुष्पराज ठाकुरले पाण्डेलाई अवार्ड हस्तान्तरण गरेका थिए। सेप्टेम्बर २५ देखि २७ सम्म शिम्लाको ऐतिहासिक गेती हेरिटेज कम्प्लेक्समा आयोजना भएको महोत्सवमा ३३ देशका फिल्म सहभागी थिए।

मस्तिष्कमा गम्भीर चोट लागेपछि जीवनमा अनेक चुनौती सामना गरिरहेका बेलायती नागरिकको एभरेस्ट बेस क्याम्पसम्मको साहसिक यात्राको कथा ‘द एभरेस्ट ड्रीम’मा प्रस्तुत गरिएको छ। स्कटल्याण्डबाट सुरु भएको उनीहरूको कठिन प्रशिक्षणदेखि नेपाल आएर हिमालयको यात्रासम्मको अनुभवलाई वृत्तचित्रले समेटेको छ।

जेम्स लेम्बको नेतृत्वमा पाँच जना ब्रेन इन्जुरी सर्वाइवर्ससहित सात सदस्यीय टोलीले एभरेस्ट बेस क्याम्पसम्म गरेको यात्रालाई फिल्मले केन्द्रमा राखेको छ। शारीरिक तथा मानसिक चुनौतीका बाबजुद सपना पूरा गर्न सकिन्छ भन्ने प्रेरणादायी सन्देश फिल्मले दिएको छ।

निर्देशक पाण्डेका अनुसार, फिल्मको मुख्य सन्देश ‘जीवनमा गम्भीर चोट वा कठिनाइ आए पनि मानिसले नयाँ सपना देख्न र ती सपना पूरा गर्न सक्छ’ भन्ने हो।

‘द एभरेस्ट ड्रीम’ले यसअघि अमेरिकाको जर्जियास्थित कब अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा पनि उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड जितिसकेको छ। शिम्लामा प्राप्त यो अन्तर्राष्ट्रिय अवार्डसँगै नेपाली डकुमेन्ट्रीले अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा आफ्नो उपस्थिति थप बलियो बनाएको छ।

जे देखियो

# दसैँमा फर्किएको गाउँ

दसैँ मनाउन विदेशबाट स्वदेश फर्किनेहरूको लर्को छ। विमानस्थलदेखि राजमार्गसम्म भीड छ। वर्षौंपछि आफ्नै गाउँ, आफ्नै घर र आफ्नै आँगन टेक्न मानिसहरू हतारिएका छन्। परदेशबाट फर्किएकाहरूका लागि दसैँ केवल चाड होइन, आफ्नै माटोसँग फेरि जोडिने एउटा अवसर पनि हो।

तर यसपटक गाउँ पुगेपछि उनीहरूले कस्तो गाउँ भेटिरहेका छन? सायद धेरैले आफूले सम्झिएको गाउँ भेटिरहेका छैनन्।

गाउँ फेरिएको छ। बाटाघाटा पुगेका छन्। बिजुली पुगेको छ। मोबाइल पुगेको छ। र अहिले त लगभग हरेक घरमा वाइफाइ पुगेको छ। गाउँका घरहरू संसारसँग जोडिएका छन्। गाउँको एउटा कोठामा बसेर अमेरिकादेखि अष्ट्रेलियासम्मका आफन्तसँग भिडियो कल गर्न सकिन्छ। सूचना र प्रविधिले गाउँ र सहरबीचको दूरी धेरै हदसम्म घटाइदिएको छ।

तर यही परिवर्तनको अर्को पाटो पनि छ। गाउँमा पहिले जस्तो करेसाबारीमा झुकेर काम गर्ने मानिसहरूको झाँग देखिँदैन। घरछेउको बारीमा मकै, मुला, साग, फर्सी, काँक्रो र अन्य मौसमी तरकारी फलाउने चलन घट्दै गएको छ।



उत्तमबाबु भट्टराई

कुनै समय गाउँको भान्सामा पाक्ने तरकारी गाउँकै बारीबाट आउँथ्यो। बिहान बारीमा गएर टिप्यो, बेलुका भान्सामा पकायो। मकै भुटिन्थ्यो। मुला उखेलिन्थ्यो। साग टिपिन्थ्यो। खेतबारी केवल उत्पादनको ठाउँ थिएन, गाउँको जीवनशैलीकै एउटा हिस्सा थियो।

आज त्यो दृश्य बदलिएको छ।

गाउँमा तरकारी फलाउनेभन्दा बजारबाट तरकारी किनेर ल्याउने चलन बढेको छ। तराईबाट आएका तरकारी हुन् वा छिमेकी मुलुकबाट आयात भएका– गाउँका भान्सासम्म बजारले तरकारी पुऱ्याइरहेको छ। कहिलेकाहीं आफ्नै बारी बाँझो हुन्छ, तर त्यही घरको भान्सामा बजारबाट ल्याइएको तरकारी पाकिरहेको हुन्छ। कुनै समय गाउँका मानिस तरकारी बेच्न बजार जान्थे। अहिले गाउँका मानिस तरकारी किन्न बजार जान थालेका छन्। खाजाको संस्कृतिसमेत फेरिएको छ। मकै भुटेर खाने, आलु उसिन्ने, घरमै फलाएको फलफूल वा तरकारी खानेभन्दा बजारमा पाइने प्याकेटका खाद्य पदार्थ र चाउचाउ सहज विकल्प बनेका छन्।

यो परिवर्तन केवल खानपानको परिवर्तन होइन। यो गाउँको आत्मनिर्भरता कमजोर हुँदै गएको संकेत पनि हो। दसैँमा विदेशबाट फर्किएकाहरूले गाउँमा खोज्ने अर्को कुरा हो–गाउँको आत्मीयता।

पहिले गाउँ पुग्नेबित्तिकै घर–घरमा पुग्ने, आफन्त र छिमेकीसँग बस्ने, दुःखसुख साट्ने, चौतारोमा गफ गर्ने, खेतबारीमा सघाउने र साँझपख एउटै आँगनमा बसेर कुरा गर्ने संस्कृति थियो।

अहिले मानिसहरू भौतिक रूपमा गाउँमै छन्, तर उनीहरूको संसार भने मोबाइलको स्क्रिनभित्र फैलिएको छ। वाइफाइले गाउँलाई संसारसँग जोडेको छ, तर कतै–कतै गाउँका मानिसलाई गाउँकै मानिसबाट टाढा पनि बनाइरहेको छ।

त्यसैले दसैँमा विदेशबाट गाउँ फर्किएकाहरूले यसपटक एउटा अनौठो अनुभूति गर्न सक्छन् घर उही छ, आँगन उही छ, बाटो उही ठाउँमा छ, तर गाउँ भने उही छैन।

गाउँ आधुनिक भएको छ। सुविधा पुगेका छन्। संसारसँग जोडिएको छ। तर प्रश्न यति मात्र हो–हामीले विकाससँगै गाउँको आत्मा पनि जोगाइरहेका छौं त?

दसैँले हामीलाई यही प्रश्नतिर फर्काउन सक्छ।

दसैँमा घर फर्किनु केवल आफ्नो घरको ढोका खोल्नु होइन; आफू हुर्किएको गाउँलाई फेरि नियाल्नु पनि हो।

र सायद त्यो नियालाईमा हामीले महसुस गर्न‘पर्ने कुरा यही हो – गाउँ बदलिनु स्वाभाविक हो, तर गाउँको आत्मीयता, आत्मनिर्भरता र आफ्नोपन हराउनुचाहिँ विकासको अपरिहार्य मूल्य हुनु हुँदैन।

# शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा**
**आफ्नो भूमिका निर्वाह गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

HAPPY दसैं



विजया दशमी २०८३ को पावन अवसरमा देश
तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना ।



**राज रेग्मी (राजु)**
पूर्वउपाध्यक्ष तथा सल्लाहकार

**गैरआवासीय नेपाली संघ**
अन्तर्राष्ट्रिय समन्वय परिषद्

# विजयादशमीको शुभकामना



भीमसेन थापा
युवा उपाध्यक्ष

**गैरआवासीय नेपाली संघ**
अन्तर्राष्ट्रिय समन्वय परिषद्

# विजयादशमीको शुभकामना

विजयादशमी २०८३ को पावन अवसरमा देश तथा
विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना ।



**प्रेम कटुवाल**
**अध्यक्ष**

**BLUE SKY**
Worldwide Recruitment Services
YES WE CAN

Maharajgunj Kathmandu, Nepal
Ph: +977-14721633




**SwiftHR Solutions** Pvt. Ltd.
Kathmandu, Nepal

# विजयादशमीको शुभकामना

विजयादशमी २०८३ को पावन अवसरमा देश तथा
विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना ।



**अनिल बोगटी**

**द्वितीय उपाध्यक्ष**

नेपाल वैदेशिक
रोजगार व्यवसायी संघ

**प्रवन्ध निर्देशक**

कन्फिडेन्ट इन्टरनेशनल
मेनपावर प्रालि, काठमाडौं, नेपाल

---

विजयादशमी २०८३ को
पावन अवसरमा देश-विदेशमा रहनु भएका
सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय


# शुभकामना

शुभ दशैं



**खगेन्द्र न्यौपाने**
आईसिसी उपाध्यक्ष

**गैरआवासीय नेपाली संघ**
अन्तर्राष्ट्रिय समन्वय परिषद्



शुभ दशैं २०८३

विजयादशमी तथा शुभदीपावली २०८३ को पावन
अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा
हार्दिक मंगलमय शुभकामना




कमल काफले
प्रबन्ध निर्देशक



LINK INTERNATIONAL PLACEMENT SERVICE

लिंक इन्टरनेशनल
प्लेसमेन्ट सर्भिस प्रा.लि.
काठमाडौं, नेपाल

शुभ दशैं २०८३



विजयादशमी तथा दिपावली
२०८३ को पावन अवसरमा
देश-विदेशमा रहनु भएका
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना ।

शम्भु गौतम
प्रबन्ध निर्देशक

SHARON MANPOWER SERVICES PVT. LTD.
A leading Manpower Agency

Govt.Lic No.: 647/063/064
G.P.O.Box: 10443, Kathmandu, Nepal
Tel.: +977-1-4481905, 4481957, 4481505
Email: info@sharonmanpower.com
Sharonmps.647@gmail.com




विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti by IME, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।

IME
REMITTANCE & PAYMENTS

khalti
by IME

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

HAPPY दसैं

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह

- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology



आजै हाम्रो बिशेषज्ञ डाक्टरहरूसंग
नि:शुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982,
9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं